# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १८२ | काठमाडौं | आइतबार, १६ कात्तिक २०८२ | Prabhab National Daily | Sunday, 02 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## कांग्रेसका दुई महामन्त्रीसँग प्रधानमन्त्रीले मागिन् सहयोग



■ प्रभाव संवाददाता

- कांग्रेस महामन्त्रीद्वयसँग प्रधानमन्त्रीले खोजिन् चुनावी प्रतिबद्धता
- चुनावमा कांग्रेस सहभागी हुने महामन्त्रीद्वयको आश्वासन
- एमालेलाई 'कन्भिन्स' गरिदिन प्रधानमन्त्रीको आग्रह

**काठमाडौं–** आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा चुनावको माहोल नबनिरहेका बेला प्रधानमन्त्री सुशीला कार्कीले नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासँग छलफल गरेकी छन् ।

विघटित प्रतिनिधिसभाको पहिलो पार्टी कांग्रेसलेसमेत चुनावकेन्द्रित गतिविधि सुरु गरेको छैन । यस्तोमा प्रधानमन्त्री कार्कीले महामन्त्रीद्वयसँग चुनावबारे शनिबार दिउँसो एक घण्टा छलफल गरेकी हुन् ।

प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठका अनुसार प्रधानमन्त्री र महामन्त्रीहरूबीच निर्वाचनबारे हालसम्म सरकार र राजनीतिक दलका तर्फबाट भएका तयारी र आउँदा दिनमा गर्नुपर्ने कामका विषयमा खुलेर कुराकानी भएको थियो ।

त्यस क्रममा प्रधानमन्त्री कार्कीले चुनावमा राजनीतिक दलको स्पष्ट प्रतिबद्धता आउनुपर्ने बताएकी थिइन् । महामन्त्रीद्वयले चुनावमा सहभागी हुनेबारे कांग्रेस प्रतिबद्ध रहेको बताएको प्रधानमन्त्री कार्कीको सचिवालयले जानकारी दिएको छ ।

'कांग्रेसले औपचारिक निर्णय गरिसकेको छैन तर कांग्रेस निर्वाचनमा जान्छ, त्यसमा कांग्रेस प्रतिबद्ध छ । यसबारे चाँडै निर्णय हुन्छ,' महामन्त्रीद्वयको भनाइ उद्धृत गर्दै श्रेष्ठले भने ।

कांग्रेसमासमेत एकथरी नेताहरू प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा उभिएका छन् । सभापति शेरबहादुर देउवाले त यसअघि केन्द्रीय समिति बैठकमै प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक भनेका थिए । देउवाको यो अभिव्यक्तिले कांग्रेसमा आगामी निर्वाचन तयारीमा प्रभाव पारेको छ ।

क्रमशः पृष्ठ २ मा

एकीकृत समाजवादीको नियति

# विभाजित भएर माओवादीसँग एकता

■ जेबी योञ्जन



**काठमाडौं–** नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसहित बहुमत केन्द्रीय समिति नेकपा माओवादी केन्द्रसँग एकता प्रक्रियामा अघि बढ्दा सम्मानित नेता झलनाथ खनाललगायत नेताहरू एकीकरण प्रक्रियाबाट अलग्गिएका छन् ।

नेता खनालले नयाँ पार्टी बनाउने घोषणा गरे पनि पूर्वपार्टी नेकपा एमालेमा फर्किन सकारात्मक देखिएका छन् । महासचिव घनश्याम भुसाल भने 'पर्ख र हेर'को नीतिमा देखिन्छन् । आगामी पार्टी सचिवालय बैठकले एकताबारे गर्ने निर्णयको आधारमा उनले कदम चाल्ने बताइसकेका छन् । यससँगै स्थापनाको ५० महिनामा एकीकृत समाजवादी कम्तीमा दुई चिरा हुने निश्चित भएको छ ।

पार्टीमा लामो समयदेखि नेपाल–खनालबीच अन्तरसंघर्ष चलेको थियो । वैचारिक तथा राजनीतिक कार्यदिशालाई लिएरमात्रै होइन, नेताहरूको व्यवस्थापनको विषयमासमेत दुई नेताबीच मतभेद हुने गरेको थियो । एमाले विभाजनको औचित्य पुष्टि भए/नभएकोमा मतान्तर थियो ।

राजनीतिक विश्लेषकहरूका अनुसार २०७९ को आमचुनावबाट राष्ट्रिय दल नभएपछि त एकीकृत समाजवादी 'प्यारालाइज्ड' नै भयो । हालैको जेन–जी आन्दोलनपछि विकसित राजनीतिक परिस्थिति, अध्यक्ष नेपालमाथिको भ्रष्टाचार मुद्दा, ठूलो संख्यामा नेता कार्यकर्ताले पार्टी छाड्नुलगायत कारणले पार्टी गम्भीर संकटमा थियो । यस्तोमा पार्टी तीन टुक्रा हुने देखिएको हो ।

एकीकृत समाजवादीको बिहीबार र शुक्रबार बसेको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष नेपालसहित बहुमत पदाधिकारीदेखि केन्द्रीय सदस्यहरू माओवादीसँग एकता गर्ने पक्षमा उभिए । एकताबारे सर्वसम्मत निर्णय भने भएन । एकताको निर्णय गर्ने कार्यभार सचिवालयलाई छ । सचिवालयमा नेपालपक्षको स्पष्ट बहुमत छ ।

- यही १८ कात्तिकमा माओवादी–एकीकृत समाजवादी एकता तयारी
- संस्थापनपक्ष एकता गर्न तयार हुँदा खनाल–भुसाल समूहको विमति
- खनाल एमाले फर्किन सकारात्मक, भुसाल 'पर्ख र हेर'को नीतिमा
- सैद्धान्तिक विषयमा शीर्ष तहमा सहमति

एकताबारे सचिवालय बैठकले निर्णय लिनुअघि नै शनिबार खनाल–भुसालपक्षको भेला काठमाडौंको सुकेधारामा भयो । भेलामा सहभागी हुने क्रममा पत्रकारहरूसँग संक्षिप्त प्रतिक्रिया दिँदै खनालले एमाले फर्किन सकारात्मक संकेत दिएका हुन् । त्यसअघि एमाले फर्किन उपयुक्त वातावरण र भूमिका चाहिने उनको प्रतिक्रिया थियो ।

ओलीले एमाले फर्किन आह्वान गरेको केही घण्टापछि खनालले भने, 'ढोका राम्रोसँग उदांगो पारेर खोल्नुपर्‍यो । बस्ने ठाउँहरू राम्रोसँग बनाउनुपर्‍यो । त्यो भयो भने फर्कने के समस्या भयो र ?'

खनालले माओवादीसँग हुने एकतालाई पार्टी बिसर्जन, विलय र विभाजन भनेका छन् । उनै खनालसँगै महासचिव भुसालले संयोजन गरेको शनिबारको भेलामा नेता घनेन्द्र बस्नेत, स्थायी कमिटी सदस्य डा. विजय पौडेल, रामकुमारी झाँक्री, जीवनराम श्रेष्ठ, अम्बरबहादुर थापा, कृष्णकुमार श्रेष्ठ (किसान), आरती लामालगायत नेताहरू थिए ।

उनीहरू माओवादीसँग एकता गर्न तयार छैनन् । भेलामा सहभागीमध्ये अधिकांश एमाले फर्किन तयार देखिन्छन् । नेतृ झाँक्री त घरिघरी ओलीको प्रतिरक्षामा उत्रिन्छन् । हालै एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठकमा ओलीलाई दक्षिणपन्थी भन्दा उनले विरोध गरेकी थिइन् । उनले एमालेसँग एकता भए त्यो प्राकृतिक हुने भनिसकेकी छन् ।

महासचिव भुसाल पार्टीहरू पुनर्गठनको पक्षपाती हुन् । उनले बृहत् वाम एकता हुनुपर्ने तर त्यसअघि कम्युनिस्ट पार्टीहरू (एमाले, माओवादी, एकीकृत समाजवादीलगायत)का अध्यक्षहरूले नेतृत्व छाड्नुपर्ने सर्त राखेका छन् । 'म कम्युनिस्ट पार्टीहरूको एकता पक्षमा छु तर त्यसअघि पुनर्गठन गर्न पार्टीहरू तयार हुनुपर्छ ।

क्रमशः पृष्ठ २ मा

## जनार्दनको चेतावनी– एकीकृत समाजवादीसँगको एकता हानिकारक



नेकपा माओवादी केन्द्रका नेता जनार्दन शर्माले एकीकृत समाजवादीसँगको एकता हानिकारक हुने चेतावनी दिएका छन् । तत्काल पार्टी एकता नगर्न पनि उनले अध्यक्ष पुष्पकमल दाहालसँग माग गरेका छन् ।

शनिबार सचिवालय बैठकपछि उनले भने, 'हतारको एकताले केही नेताहरूको व्यक्तिगत स्वार्थ पूरा गर्न सक्छ, तर आम कम्युनिस्ट आन्दोलनका लागि प्रतिकूल परिणाम ल्याउने छ । त्यसैले उपयुक्त गृहकार्य, वैचारिक स्पष्टताविना गरिएको एकता दीर्घकालीन दृष्टिले हानिकारक हुने छ ।'

शर्माले बैठकमा चार पृष्ठको फरक मत राखेका छन् । तर, उनले राखेको फरक मतबारे छलफल नै नभइ उनी बैठकबाट बाहिरिएका थिए । यसप्रति अध्यक्ष दाहालले आपत्ति जनाए । 'बसौँ भन्दाभन्दै उहाँ निस्कनुभयो । आफ्ना कुरा राख्ने र अरुका कुरा नसुन्ने उहाँको शैली ठीक थिएन,' बैठकपछि दाहालले पत्रकारहरूसँग भने । शर्मालाई पार्टीको संस्थापनपक्षले पार्टी फुटाउन लागेको आरोप लगाउँदै आएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# सिण्डिकेटविरूद्ध संघर्षमा उत्रिँदै संघ

- आवश्यक वार्ता र समन्वयका लागि अध्यक्ष गुरूङको नेतृत्वमा बनाइयो समिति
- संघका पदाधिकारीहरूलाई जिम्मेवारी बाँडफाँट
- नेपालस्थित मलेसियन दूतावासमा ध्यानाकर्षणपत्र बुझाउनेदेखि आन्दोलन गर्नेसम्मको कार्यक्रम तय
- मलेसिया पठाउन लागेका कामदारको उडान तत्कालका लागि रोक्न व्यवसायीहरूलाई आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाको नयाँ मापदण्डविरुद्ध संघर्षको तयारी थालेको छ । संघले मलेसियाको उक्त मापदण्डले 'सिण्डिकेट' (एकाधिकार) भित्र्याउने भन्दै संघर्षका लागि आवश्यक तयारी थालेको हो ।

संघको शुक्रबार बसेको कार्यसमिति बैठकले संस्थाका पदाधिकारीहरूलाई विभिन्न कार्यका लागि जिम्मेवारी दिने निर्णय गरेको छ । संघका महासचिव महेशकुमार बस्नेतले व्यवसायीहरूको प्रतिबद्धता माग्ने र उक्त सूची सार्वजनिक गर्ने निर्णय बैठकले गरेको जानकारी दिए ।

संघले उक्त कार्यका लागि विभिन्न कार्यसमिति सदस्यहरूलाई जिम्मेवारी बाँडफाँडसमेत गरेको छ । व्यवसायीहरूबाट आएका प्रतिबद्धतापत्रको सूची बनाउने जिम्मा संघका सदस्य भरत सापकोटालाई दिइएको छ । सिण्डिकेटधारी र सिण्डिकेटपक्षधरका व्यक्ति, संस्था तथा निकायसँग संघर्ष गर्न संघर्ष समिति बनाउने जिम्मेवारी द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले संयोजन गर्ने भएका छन् ।

संघले विभिन्न निकाय तथा संस्थाहरूसँग छलफल गर्न वार्ता तथा समन्वय समिति बनाउन संघका अध्यक्ष भुवनसिंह गुरुङको संयोजकत्वमा वार्ता तथा समन्वय समिति बनाउने निर्णयसमेत गरेको छ । उक्त समितिमा प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, महासचिव बस्नेत र दुई जना पूर्वअध्यक्षहरू गरी पाँच जना रहने जानकारी दिइएको छ ।

यसैगरी चिठीपत्रको मस्यौदा तयार गर्न संघका तृतीय उपाध्यक्ष बैकुण्ठ पौडेलको नेतृत्वमा काम अगाडि बढाउने निर्णय बैठकले गरेको महासचिव बस्नेतले जानकारी दिए । बैठकबाट मेडिकल महासंघसँग दुवै समिति वा कार्यसमितिले आवश्यकताअनुसार छलफल गर्ने तथा आवश्यक परेमा संघर्षका कार्यक्रमहरू गर्ने, नेपालस्थित मलेसियन दूतावासमा आमव्यवसायीहरूसहित शान्तिपूर्ण आन्दोलन गर्ने र ज्ञापनपत्र बुझाउने, आवश्यक परेको अवस्थामा व्यवसायी भेला बोलाउने र वैदेशिक रोजगार विभाग घेराउ गरी आन्दोलन गर्ने, ध्यानाकर्षण गराउने र केही दिन सम्पूर्ण व्यवसायीहरूलाई मलेसिया पठाउने कामदारको उडान रोक्नसमेत आह्वान गर्नेलगायतका कार्यक्रमहरू सर्वसम्मत पारित गरिएको उनले बताए ।

क्रमशः पृष्ठ २ मा

# जेन–जी आन्दोलनपछि घटे युएई जाने कामदार

■ प्रभाव संवाददाता

- चालु आवको तीन महिनामा सबैभन्दा बढी युएईमा गएको तथ्यांक, मलेसिया पाँचौंमा
- धनुषाबाट सबैभन्दा बढी नौ हजार ६१५ जना रोजगारीमा गएको तथ्यांक

**काठमाडौं–** चालु आर्थिक वर्षको तीन महिनामा सबैभन्दा बढी वैदेशिक रोजगारीमा जाने युवाहरूको प्रमुख रोजगार गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई) बनेको छ । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार गत साउनदेखि असोज महिनाको अवधिमा ६७ हजार ५०२ जना युएईमा रोजगारीका लागि गएका हुन् । यो संख्या संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति लिएर जानेहरूको हो ।

गत भदौ २३ र २४ गतेको जेन–जी आन्दोलनपछि भने युएईले श्रमिक भिसा बन्द गरिदिएको छ । जसकारण असोज महिनामा अघिल्ला दुई महिनाको तुलनामा युएई जाने कामदारको संख्या घटेको छ । हाल आन्दोलनअघि नै भिसा लागेकाहरू मात्र गइरहेको व्यवसायीहरू बताउँछन् ।

साउनमा २३ हजार ८३८ र भदौमा २५ हजार १२८ युएई जाँदा असोजमा १८ हजार ४६६ जनामा सीमित हुन पुगेको तथ्यांकमा देखिन्छ । असोजमा संस्थागत माध्यमबाट सात हजार २३७ जनामात्र गएका छन् । जबकि, साउनमा १५ हजार ३१४ र भदौमा १७ हजार ४०६ जना संस्थागत माध्यमबाट गएका थिए । तीन महिनामा युएई गएकाहरूमध्ये ५८ हजार ३९६ जना पुरुष र नौ हजार १०६ जना महिला रहेका छन् । त्यसैगरी, ३९ हजार ९५७ संस्थागत, सात हजार २१७ जना व्यक्तिगत र २० हजार २३३ जना पुनः श्रम स्वीकृति गरेर गएका हुन् ।

यस अवधिमा युएईपछि बढी श्रमिक कतार गएका छन् । साउन, भदौ र असोजमा ३३ हजार ४८३ जना कतार गएका तथ्यांक छ । जसमा ३० हजार ६४९ जना पुरुष र दुई हजार ८३४ जना महिला छन् । तेस्रोमा, २८ हजार ८७७ जना श्रमिक साउदी अरब गएका छन् ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## विभाजित...

त्यसका लागि अहिलेको फर्स्ट लिडरले छाड्नुपर्छ । अनि पो विचार सिद्धान्त मिलाएर एकता गर्न सकिन्छ,' उनले प्रभावसँग भने ।

माओवादी र एकीकृत समाजवादीबीच एकता हुँदा दाहाल र नेपाल नेतृत्वमा हुन नहुने भुसालको स्पष्ट मत छ । शुक्रबार केन्द्रीय कमिटी बैठकको समापनमा धारणा राख्दै नेपालले पनि दाहालले नेतृत्व छाड्ने र आफूले पनि छाड्ने बताएका थिए । नेपालले यसो भनेर भुसालसहितका नेताहरूलाई माओवादीसँगको एकता प्रक्रियामा जोड्न लागेको विश्लेषण भइरहेको छ ।

माओवादी र एकीकृत समाजवादीबीचको एकता यही १८ कात्तिकमा गर्ने भनिएको छ । एकताअघि सैद्धान्तिक विषय टुंगिएको जनाएको छ । दुवै पार्टी नेपाली विशेषताको समाजवादको बाटोमा अघि बढ्ने, मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद हुने विषयमा सहमत भएको नेता बेदुराम भुसालले बताएका छन् । उनका अनुसार पहिलो वरीयतामा दाहाल, दोस्रो वरीयतामा नेपाल हुने पनि समझदारी भएको छ ।

माओवादी-एकीकृत समाजवादी एकता हुँदा अन्य दुई घटक पनि एकता प्रक्रियामा आउने भएका छन् । ती दुई घटक हुन्- महेन्द्र राय यादव अध्यक्ष रहेको नेपाल समाजवादी पार्टी (नेसपा) र नेकपाको एउटा समूह । यी दलहरूबीच लामो समयदेखि एकताका लागि चरणबद्ध वार्ता भएको थियो । अन्ततः २१ फागुनमा चुनावको मिति घोषणा भइसक्दा एकता हुने भएको हो ।

■■■

## कांग्रेसका दुई...

पार्टीको नियमित कि विशेष महाधिवेशन गर्नेबारेको बहसमा कांग्रेस अलमलमा छ । चुनावी तयारीमा केन्द्रित छैन । यस्तोबेला कांग्रेसलाई चुनावमा धकेल्न प्रभावी देखिन सक्ने महामन्त्रीद्वयसँग प्रधानमन्त्री कार्कीको अर्थपूर्ण छलफल भएको हो ।

उनका प्रमुख स्वकीय सचिव श्रेष्ठले महामन्त्रीहरूलाई एमाले चुनावप्रति सकारात्मक नभएको उल्लेख गर्दै चुनावको पक्षमा एमालेलाई 'कन्भिन्स' गर्न सहयोगको याचना गरेकी थिइन् । जवाफमा प्रधानमन्त्रीलाई उनीहरूले भने, 'नेकपा एमाले पनि राष्ट्रलाई निकास दिनका लागि निर्वाचनबाट भाग्न सक्दैन भन्ने नै लाग्छ । एमालेलाई मनाउन सरकारले पनि थप प्रयास गरोस् । हामी पनि प्रयास गर्छौं ।'

प्रधानमन्त्री कार्कीले एमाले नेताहरूलाई पनि छलफलका लागि बोलाएकी थिइन् । शनिबार पार्टी बैठक हुनाले नभ्याएको जानकारी एमालेले प्रधानमन्त्रीलाई गराएको थियो । यसअघि सचिवालय बैठकबाटै एमालेले कार्की सरकारले चुनाव गर्न नसक्ने ठहर गरिसकेको छ । त्यसो हुनाले प्रतिनिधिसभा पुनर्स्थापनका लागि संघर्ष गर्ने निर्णय गरिसकेको छ ।

जबकि, कार्की सरकारको कार्यादेश चुनाव गर्नु हो । निर्वाचन आयोगले आन्तरिक तयारी गरिरहे पनि मुख्य दलहरू चुनावी गतिविधिमा सक्रिय छैनन् । साना दलहरू पनि चुनावलक्षित देखिएका छैनन् ।

प्रतिनिधिसभा विघटन गत २७ भदौमा भएको थियो । जेन-जी विद्रोहपछि आवश्यकताको सिद्धान्त उल्लेख गर्दै प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरेका थिए । त्यसविरुद्ध सर्वोच्च अदालतमा १६ वटा रिट विचाराधीन अवस्थामा छन् । सरकारसहित विपक्षीहरूसँग अदालतले लिखित जवाफ मागेको छ ।

कार्कीले गरेको प्रतिनिधिसभा विघटनको निर्णय कानुनी परीक्षणमा भएको बेला चुनावको दबाब उत्तिकै बढ्दै गएको छ । चुनाव नभए बाह्य शक्तिहरूले चलखेल गर्न सक्ने र देश अनिश्चयतर्फ धकेलिने भूराजनीतिक विश्लेषकहरूले विश्लेषण गरेका छन् । त्यही भएर कार्कीमाथि जसरी पनि २१ फागुनमै चुनाव गर्नुपर्ने परिस्थितिजन्य बाध्यता छ । तर, दलहरू चुनावी तयारीमा नदेखिँदा उनका लागि टाउको दुखाइ बनेको छ ।

## जनार्दनको...

आरोपलाई शर्माले भने खारेज गर्दै आएका छन् । तर, पार्टीकै अर्का नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका महासचिव घनश्याम भुसाल, नेकपा महासचिव नेत्रविक्रम चन्दबीच बारम्बार भेटवार्ता हुँदै आएको छ । श्रेष्ठले एकीकृत पार्टीको नेतृत्वमा दाहाल नै रहने भए अस्वीकार गर्ने भन्दै दाहाललाई नेतृत्व हस्तान्तरण गर्न दबाब दिँदै आएका छन् । दाहालले नेतृत्व नछाड्ने भए नयाँ पार्टी खोल्ने तयारीमा रहेकाहरूलाईसमेत समेटेर पार्टी पुनर्गठन गर्ने तयारीमा श्रेष्ठ छन् । यसका लागि वर्तमान सरकारका ऊर्जामन्त्री कुलमान घिसिङलगायतसँग निरन्तर छलफलमा श्रेष्ठ छन् ।

■■■

## सिण्डिकेटविरूद्ध...

मलेसियाले क्वालालम्पुरस्थित नेपाली दूतावासमार्फत १० वटा मापदण्ड तोकेर पत्र पठाएसँगै सिण्डिकेटको त्रासमा व्यवसायीहरू परेका हुन् । मलेसियाको उक्त पत्रमा मापदण्ड पुग्ने म्यानपावर कम्पनीहरूलाई यही नोभेम्बर १५ तारिखभित्र त्यहाँको मानव संसाधन मन्त्रालयमा आवेदन पेस गर्न भनेको छ ।

नयाँ मापदण्डअनुसार छनोट हुनका लागि कुनै पनि म्यानपावरलाई न्यूनतम पाँच वर्षको सञ्चालन अनुमतिपत्र, विगत तीन वर्षमा कम्तीमा तीन हजार कामदार पठाएको हुनुपर्ने, कम्तीमा तीन गन्तव्य देशमा कामदार पठाएको अनुभव, सम्बन्धित सरकारी निकायहरूबाट जारी सबै वैध अनुमतिपत्रहरू, स्रोत देशका सम्बन्धित निकायले जारी गरेको असल आचरणको प्रमाणपत्र, कामदार पठाउने संस्थाको जबरजस्ती श्रम, मानव तस्करी, श्रम कानुन उल्लंघन, बलात्कार, मनी लण्ड्रिङ वा अन्य कुनै वित्तीय अपराध गतिविधिमा संलग्न नभएको रेकर्ड आवश्यक पर्ने छ ।

त्यसैगरी, संस्थासँग आफ्नो स्वामित्वमा आवास, प्राविधिक तालिम र परिचयात्मक मोडचुलसहितका तालिम र मूल्यांकन केन्द्र, कम्तीमा पाँचवटा अन्तर्राष्ट्रिय रोजगारदाताबाट पाएको प्रशंसापत्र, इजाजतप्राप्त संस्थाको न्यूनतम क्षेत्रफल १० हजार वर्गफिट र स्रोत मुलुकहरूको कानुन पालना गरेको छ, छैन भनेर प्रमाणित गर्नका लागि विगतमा भएका सबै भर्ती प्रक्रियाका कागजात अनिवार्य बुझाउनुपर्ने छ ।

तोकिएका मापदण्ड श्रमिक र व्यवसायको हितका लागिभन्दा पनि सीमित व्यवसायीको स्वार्थमा आधारित भएर बनाइएको व्यवसायीको आरोप छ । स्वयं मलेसियालाई पनि यी प्रावधानको आवश्यक नपर्ने भएकाले यदि उक्त विषय कार्यान्वयनमा आए मलेसियाको रोजगारी नै बन्द गर्नेसम्मको चेतावनी नेपाल वैदेशिक रोजगार व्यवसायी संघले दिएको छ ।

यता सरकारले पनि यस विषयमा अध्ययन थालेको छ । प्रधानमन्त्री सुशीला कार्कीले शुक्रबार श्रम मन्त्रालयका साथै अर्थ, कानुन र परराष्ट्र मन्त्रालयका मन्त्री, सचिवसहितका अधिकारीहरूसँगको छलफलमा प्रधानमन्त्री मलेसियामा सीमित व्यवसायीलाई मात्र काम गर्न दिनेगरी ल्याउन लागिएको मापदण्डका विषयमा अध्ययन गर्न निर्देशन दिएकी हुन् । श्रम मन्त्रालयका सहसचिव एवं प्रवक्ता पिताम्बर घिमिरेका अनुसार तत्काल यस विषयमा अध्ययन गरी समाधानका लागि कूटनीतिक पहल गर्न प्रधानमन्त्रीबाट निर्देशन भएको छ । प्रधानमन्त्री कार्कीले व्यवसायी र कामदार दुवैको हितमा हुनेगरी अगाडि बढ्नुपर्नेमा जोड दिएकोसमेत उनले बताए ।

■■■

## जेन-जी...

साउदी गएकामध्ये २८ हजार ७०१ जना पुरुष र १७६ जना महिला छन् । साउदीपछि मलेसियामा १८ हजार ६६६ जना गएका छन् । जसमा १८ हजार ३८५ जना पुरुष र २८१ जना महिला छन् । पाँचौंमा परेको कुवेतमा उक्त अवधिमा १२ हजार २८९ जना रोजगारीका लागि गएको देखिन्छ । जसमा आठ हजार ९६० जना पुरुष र तीन हजार ३२९ जना महिला छन् । वैदेशिक रोजगारीका लागि नयाँ गन्तव्य मुलुकहरू पहिचान भए पनि प्रमुख रोजगार गन्तव्य खाडी मुलुक नै बनेका छन् । यी पाँच मुलुकपछि रोमानिया, जापान, कोरिया, क्रोएसिया, साइप्रस लगायतका मुलुक जानेहरूको संख्या बढी छ ।

यस आवको पहिलो तीन महिनामा सबैभन्दा बढी धनुषा जिल्लाबाट रोजगारीमा गएका छन् । उक्त जिल्लाबाट नौ हजार ६१५ जना रोजगारीमा गएको तथ्यांक छ । जसमा नौ हजार ५१५ जना पुरुष र १०० जना महिला छन् । धनुषापछि झापा, सिरहा, मोरङ, महोत्तरीलगायतका जिल्लाबाट रोजगारीमा जानेहरू बढी छन् । सोही अवधिमा सबैभन्दा कम मनाङबाट ६४ जना गएका छन् । जसमा४९ जनापुरुष र १५ जना महिला छन् ।

# निरन्तरको वर्षाले भोजपुरका ग्रामीण सडक अवरुद्ध

**भोजपुर (प्रस)–** निरन्तर परेको वर्षाका कारण जिल्लाका अधिकांश ग्रामीण सडक अवरुद्ध भएका छन् । कच्ची सडक हिलाम्य बनेर यातायात सञ्चालनमा कठिनाइ भएपछि स्थानीय समस्यामा परेका हुन् ।

सडक अवरुद्ध हुँदा सुत्केरी, गर्भवती, आकस्मिक बिरामी र विपद्मा परेकालाई आवतजावत गर्न कठिनाइ भइरहेको स्थानीयले बताएका छन् । यातायात ठप्प भएपछि दैनिक उपभोग्य सामग्रीको ढुवानी र बजार आपूर्तिसमेत प्रभावित बनेको छ ।

जिल्ला सदरमुकाम भोजपुरबाट उत्तरी क्षेत्रतर्फका षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिका जोड्ने भोजपुर-दिङ्ला खण्ड वर्षाले हिलाम्य भएपछि यात्रुवाहक तथा मालवाहक सवारीसाधन सञ्चालनमा समस्या देखिएको छ । त्यस्तै, दक्षिणी क्षेत्रका हतुवागढी, रामप्रसादराई र आमचोक गाउँपालिकातर्फका सडक अवरुद्ध हुँदा सहज यातायात सञ्चालन गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

यसैबीच, अरुण, पौवादुङमा र टेम्केमैयुङ गाउँपालिका तथा भोजपुर नगरपालिकाको केन्द्रका रूपमा रहेको मध्यपहाडी लोकमार्ग कालोपत्र भएकाले केही सहजता भएको स्थानीयले बताएका छन् । निरन्तर वर्षाका कारण विभिन्न स्थानमा पहिरो खस्ने र सडक भास्सिने जोखिम रहेकाले सचेत रहन जिल्ला प्रहरी कार्यालयले सबैमा अनुरोध गरेको छ । जिल्ला प्रशासन कार्यालयले पनि सूचना जारी गर्दै अत्यावश्यक कामबाहेक यात्रा नगर्न र सम्भावित जोखिम क्षेत्रबाट टाढा रहन आग्रह गरेको छ ।

# सुर्नया गाउँपालिकामा तीन सातादेखि तालाबन्दी

**बैतडी–** सूचनाको माग गर्दै जेन-जी समूहले बैतडीको सुर्नया गाउँपालिकामा तीन हप्तादेखि गरेको तालाबन्दी अझै खुल्न सकेको छैन । विभिन्न ११ बुँदे माग राख्दै गत असोज २४ गतेदेखि गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरिएको जेन-जी समूहका नेतृत्वकर्ता विशाल भट्टले बताए ।

'गाउँपालिकाको हितको लागि र पालिकामा सुशासन कायम गर्नका लागि माग अघि सारेका हौं । सूचनाको मागलाई तुरुन्तै कार्यान्वयन गर्नुपर्छ । नभए हामी तालाबन्दी खोल्ने पक्षमा छैनौं,' उनले भने ।

जेन-जी समूहले २०७४ सालदेखि अहिलेसम्म संघ, प्रदेश र स्थानीय तहबाट विनियोजन भई गाउँपालिकाभित्र कार्यान्वयन भएका योजना, आयोजना, विषयगत कार्यक्रम र खर्चको विवरण सार्वजनिक गर्न माग गरेका छन् । आर्थिक वर्ष २०८१/८२ को चालु र पुँजीगततर्फको गाउँपालिकाको सबै खर्च विवरण, जनप्रतिनिधि र कर्मचारीले लिएको घर भाडा, गाडी भाडा, भ्रमणभत्ता, इन्धन खर्च र मर्मत खर्चको छुट्टाछुट्टै विवरण र कार्यपालिकाको निर्णयको प्रतिलिपि उपलब्ध गराउनुपर्ने उनीहरूको माग छ ।

सुदूरपश्चिम प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐनअनुरूप र संघीय मन्त्रिपरिषद्को निर्णयअनुरूप दरबन्दीविहीन करार कर्मचारीलाई हटाउनुपर्ने र माथिल्लो सरकारी निकायबाट वा सरकारबाट लागू गर्नू भनी आएका पत्र परिपत्रको कार्यान्वयन यथाशीघ्र गर्नुपर्ने पनि उनीहरूले माग राखेका छन् ।

महालेखापरीक्षकको प्रतिवेदनअनुसार र गाउँपालिकाबाट असुल गर्नुपर्ने भनी तोकिएको रकम तुरुन्त असुल गरी सार्वजनिक गर्नुपर्ने, शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत्, यातायात, विपद् र खानेपानीजस्ता अति आवश्यक क्षेत्रका योजना तत्काल कार्यान्वयन गर्नुपर्ने, वडामा विनियोजन भएको मसलन्द खर्च १३ लाख ५० हजारलाई कटौती गरी नियमन गइनुपर्ने र युवाको क्षेत्रमा बजेट विनियोजन गरी तत्काल गाउँपालिकामा स्थानीय युवा परिषद् गठन गर्नुपर्ने उनीहरूको माग छ ।

तालाबन्दी गरेको तीन हप्तासम्म पटक-पटक वार्ता र संवाद भए पनि निष्कर्षमा पुग्न नसकिएको गाउँपालिकाका अध्यक्ष अम्मर कुँवरले बताए । तालाबन्दी खोल्ने विषयमा छलफल जारी राखेको र केही बुँदामा सहमति हुन बाँकी रहेकाले छलफल निरन्तर भइरहेको उनको भनाइ छ । उनले भने, 'हामी निरन्तर छलफलमै छौं । केही बुँदाहरूमा सहमति हुन बाँकी रहेको छ । खास गरेर करारका कर्मचारी हटाउनुपर्ने विषयमा सहमति हुन सकेको छैन ।' *रासस*


## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१६ गते**

यस कम्पनीको मिति २०८२/०१/२३ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शान्तीपुर मेडिकल सेन्टर**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एभरेष्ट मेडिकल सेन्टर (प्रा.लि.नं. ३०४९२०१९४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०७/१६ गते**

यस कम्पनीको मिति २०८२/०५/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **होटल सिम्बायोसिस** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **होटल सम्पूर्ण इन (प्रा.लि.नं. ९२७३३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## साउदीमा रोजगार

कम्पनी : MOHAMMED HASSAN ALI HEBA TRANSPORT EST

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 332851 | चलानी नं. ६०२४६६०० 

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN UTENSILS CLEANER | 1 | 0 | 1000 | ३७,८८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 3 | 0 | 1000 | ३७,८८९ | | | | | | | |

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 332853 | चलानी नं. ६०२४६६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 25 | 0 | 1000 | ३७,३८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASK CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 332852 | चलानी नं. ६०२४६६०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 4 | 0 | 1000 | ३७,३८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २३ गते (9th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

## साउदीमा रोजगारको अवसर

कम्पनी : DAS CAFE FOR PROVIDE DRINKS

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ | LT. No. 332953 | चलानी नं. ६०२४६६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४५,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WADHA SAUD FAHD AI- QAHTANI CAFE FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ | LT. No. 332954 | चलानी नं. ६०२४६६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४५,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SULAIMAN ABDULLAH MOHAMMED AL-DREES FOUNDATION FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ | LT. No. 332951 | चलानी नं. ६०२४६६८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1200 | ४५,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ITQAN ENERGY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ | LT. No. 332950 | चलानी नं. ६०२४६६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 1 | 0 | 1500 | ५६,७८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २३ गते (9th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## कोशी अस्पताल
बिराटनगर, मोरङ

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०७/१६**

यस अस्पतालबाट तपसिल बमोजिको सूचना प्रकाशन गरी विद्युतिय बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयावधी भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल अनुसारका बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही भई छनौट भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | स्वीकृत हुने बोलपत्रदाताको नाम | कबोल अंक मु.अ.कर सहित रु. |
|---|---|---|---|---|
| १ | KH/NCB/G-02/2082-83 | Supply and Delivery of Stationery & Masalanda | New Shivashakti Stationery Centre Biratnagar | 2173408.00 |
| २ | KH/NCB/G-03/2082-83 | Supply and Delivery of Form & Format Chhapai | Panchakanya Printers Biratnagar | 914565.50 |
| ३ | KH/NCB/G-08/2082-83 | Supply and Delivery of Latta Kapada Items | Ambika Bastralaya Biratnagar | 2840961.25 |

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट

## माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

## प्राविधिक मूल्याङ्कनको नतिजा प्रकाशन गरिएको सम्बन्धी सूचना

*प्रकाशित मिति : २०८२/०७/१६ गते*

यस नगरपालिकाबाट मिति २०८२/०४/२९ गतेको NCB/MMO/W/02/2082-83 को Construction of Black Top Road from Ganeshkunj Chowk to Ganesh Kunj aa.bi.-Sagbari-Ward no.8 Baikunth dham Road को विद्युतीय बोलपत्र आह्वान भएको सूचना बमोजिम e-bidding system मा बोलपत्र पेश गरेका बोलपत्रदाताहरू मध्ये देहायका बोलपत्रदाताहरूको बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत भएकोले मिति २०८२/०७/२३ गते दिउँसो १:०० बजे यस कार्यालयमा उक्त बोलपत्रको आर्थिक प्रस्ताव खोलिने व्यहोरा सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ 'ज' को उपनियम (५) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम : |
|---|---|
| NCB/MMO/W/02/2082-83 | Construction of Black Top Road from Ganeshkunj Chowk to Ganesh Kunj aa.bi.-Sagbari-Ward no.8 Baikunth dham Road |

| क्र.सं. | प्राविधिक प्रस्ताव छनौट गरिएका बोलपत्रदाता | कैफियत |
|---|---|---|
| १. | Hemanta Nirman Sewa, Bharatpur, Chitwan | |
| २. | R.N. Safal- Shree Krishna J.V., Madi-4, Chitwan | |

प्रमुख प्रशासकीय अधिकृत

# हरिबोधिनी एकादशी:
# २६ हजार भक्तजनले गरे चाँगुनारायणको दर्शन

**भक्तपुर–** भक्तपुरको चाँगुनारायण मन्दिरमा हरिबोधनी एकादशीका दिन शनिबार २६ हजारभन्दा बढी भक्तजनले दर्शन गरेका छन् । नेपालकै सबैभन्दा पुरानो प्राचीन धरोहरका रूपमा परिचित एक हजार ८०० वर्ष पुरानो लिच्छवीकालीन ऐतिहासिक चाँगुनारायण मन्दिरको शनिबार भक्तजनहरूको घुइँचो लागेको हो ।

मन्दिरका मूल पुजारी चक्रधरानन्द राजोपाध्यायले उपत्यकाका चारमध्येको जेठो नारायणका रूपमा मानिँदै आइएको चाँगुनारायण नगरपालिका-४ स्थित विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिरमा शनिबार बिहानदेखि दर्शनार्थीको भीड घुइँचो लागेको बताए ।

पुजारी राजोपाध्यायले चार नारायणको दर्शन गर्दा जेठो नारायणका रूपमा रहेको चाँगुनारायणको पहिला दर्शन गर्नसके उत्तम हुने मान्यता रहेको जानकारी दिए । चार नारायण जान नसक्नेले



चाँगुनारायणको मात्रै दर्शन गर्दा पनि पुण्य प्राप्त हुने मान्यता रहेकाले यहाँ बिहानदेखि भक्तजनको घुइँचो लागेको उनको भनाइ छ ।

धार्मिक मान्यताअनुसार सृष्टिकालमा मधु र कैटभ नामक दुई दैत्यसँग युद्ध गरी विजयी प्राप्तपछि थकित भएका भगवान् विष्णुले आषाढ शुक्ल एकादशीका दिन क्षीरसागरमा शयन गरेको दिनलाई हरिशयनी एकादशी भनिने र त्यसको ठीक चार महिनापछि भगवान् विष्णु पुनः जागा हुने भएकाले यसलाई हरिबोधनी अर्थात् 'हरि जागरण'को प्रतीकका रूपमा मानिने परम्परा रहँदै आएको पुजारी राजोपाध्यायले जानकारी दिए ।

यस दिन नारायण शयनबाट जागा हुने भएकाले चाँगुनारायणमा दर्शन गर्दा भगवान्को नगर पर्ने र आशीर्वाद प्राप्त हुने जनविश्वास रहिआएको उनले बताए । चाँगुनारायण नगरपालिकाले यस वर्ष सञ्चालन गरेको नगरकोट भ्रमण वर्षका अवसरमा आन्तरिक तथा बाहृय पर्यटक र दर्शनार्थीको आगमन वृद्धि गर्न नगरले मेलालाई विशेष बनाएको नगरप्रमुख जीवन खत्रीले जानकारी दिए । मन्दिरलाई सयपत्री फूलको मालाले सिंगारिनुका साथै रात्रिकालीन प्रहरका लागि झिलीमिली बत्तीले रौनक बनाइएको उनले बताए ।

मन्दिर आउने नाका तथा स्वागतद्वार सिंगारिएको बताउँदै उनले मेलाका लागि स्वयंसेवक र सुरक्षाकर्मी परिचालन गरी व्यवस्थित बनाइएको उल्लेख गरे । नगरप्रमुख खत्रीले मन्दिर आउने दर्शनार्थीलाई भक्तपुर नगरपालिकाको देकोचा र व्यासी, चाँगुनारायण नगरपालिकाको तेलकोट, दुवाकोट, काठमाडौं मूलपानीलगायत पाँचवटा नाकाबाट मन्दिर आउन सक्नेगरी सडकको व्यवस्थापन गर्नाका साथै ट्राफिक व्यवस्थापनका लागि प्रहरीसँग समन्वय गरिएको जानकारी दिए ।

नगरप्रमुख खत्रीले भने, 'चाँगुनारायण नगरभित्रको यस मन्दिर ऐतिहासक धरोहर हो, यो मन्दिरको प्रचारप्रसार गरी विश्वभर यसको महत्त्व र महिमा पुऱ्याउन नगरपालिका लागिरहेको छ । त्यसका लागि पनि नगरकोट भ्रमण वर्षको आयोजना गरेका हौं, भ्रमण वर्षभरि चाँगुनारायणमा आन्तरिक तथा बाहृय पर्यटकको आगमनलाई वृद्धि गर्दै विश्वभर प्रचार गर्ने अभियान जारी छ ।'

नगरपालिकाले सहज दर्शन र पूजा गर्ने व्यवस्था गर्न मन्दिरमा स्वयंसेवक एवं स्काउट, नगर प्रहरी र नगरकोट भ्रमण वर्ष सचिवालयको टोलीसमेत परिचालन गरेको सचिवालयकी सदस्य एवं चाँगुनारायण नगरपालिका पर्यटन शाखाकी मीरा तिमिल्सिनाले जानकारी दिइन् । उनले मन्दिरमा स्वास्थ्य शिविर सञ्चालन, लाइन व्यवस्थापन गर्न डोरी लागेर मिलाइएको र लाइन बसेका भक्तजनलाई सहज र शीघ्र दर्शन गर्ने व्यवस्था गरिएको बताउँदै बिहान ४ बजेदेखि नगरपालिकाको टोली मन्दिरको मेला व्यवस्थापनमा खटिएको जानकारी दिइन् ।

यस दिनमा चार नारायणको दर्शन गरेमा पुण्य प्राप्त हुने र चिताएको फल प्राप्त हुने जनविश्वास रहेकाले भक्तजनले भक्तपुरको चाँगुनारायण, काठमाडौंको शेषनारायण, इचंकुनारायण र ललितपुरको विशंखुनारायणको दर्शन गरेका चाँगुनारायण मन्दिर व्यवस्थापन समितिका सदस्य दिनेश थापाले जानकारी दिए । उनले बिहानदेखि परेको अविरल वर्षामा पनि दर्शनार्थीको घुइँचो लागेको बताए ।

हरिशयनी एकादशीका दिन घरघरमा रोपिएको तुलसीको यस दिन परम्पराअनुसार मठलाई सिंगारेर पूजा गरी माला लगाई दामोदरसँग विवाह गरिदिने परम्परा छ । यस दिनमा व्रत बस्ने र चामलको परिकार खान नहुने परम्पराअनुसार पिँडालु र सक्खरखण्डको परिकार खाने प्रचलनसमेत रहेको छ ।

त्यसैगरी चाँगुनारायण नगरपालिका-५ छालिङ गोकुल गाउँस्थित प्रसिद्ध मच्छेनारायण मन्दिरमा पनि बिहानदेखि दर्शनार्थीको घुइँचो लागेको थियो । नारायणका पूजा एवं दर्शन गर्न बर्तालुहरूको भीड लागेको स्थानीय गोकर्ण पुरीले जानकारी दिए । *रासस*



**जोमसोम-कागबेनी सडक खुलेपछि** | पहिरोले सडक भास्सिएर अवरुद्ध जोमसोम–कागबेनी सडक शुक्रबार बिहानदेखि सञ्चालनमा आउँदा हिलाम्मे सडकमा देखिएको सवारी चाप ।
*तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# बागमती सफाइ महाअभियान ६५१औं हप्तामा

**काठमाडौं (प्रस)–** 'राष्ट्रका नाममा हप्तामा दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ २०७० जेठ ५ गतेदेखि सुरु भएको बागमती सफाइ महाअभियान ६५१ हप्तामा प्रवेश गरेको छ ।

बागमती सफाइ महाअभियानले ६५० हप्ता पूरा गरी ६५१ हप्ता प्रवेश गरेको अवसरमा शनिबार अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यालयपरिसर गुहृयेश्वरीमा प्रतिबद्धता कार्यक्रम गरियो । कार्यक्रममा सहरी विकासमन्त्री कुलमान घिसिङले नदीनालामा फोहोर आउन रोक्न जागरण फैलाउनुपर्ने बताए ।

उनले राजधानीका सबै नदीलाई सफा गरिनुपर्नेमा जोड दिँदै जागरणले सबैलाई झक्झक्याउने बताए । काठमाडौंलाई सुन्दर बनाउन आवश्यक काम गर्न गुरुयोजना निर्माण गर्न लागिएको मन्त्री घिसिङले जानकारी दिए । 'राजधानीमा ढल व्यवस्थापन, पानी प्रशोधन केन्द्र आवश्यक जति सबै स्थानमा निर्माण गरिने छ । नदी करिडोरमा के-के गर्न सकिन्छ, यसलाई पनि योजना बनाएर काम गर्नेछौं । यसैगरी काठमाडौंका सबै खोलालाई स्नानयोग्य पानी बग्नेगरी व्यवस्थापन गरिनुपर्छ । बगैंचा निर्माणलगायत सहरी विकास मन्त्रालयबाट गर्नुपर्ने सबै काम हुन्छ, यो मेरो प्रतिबद्धता हो,' उनले भने ।

मन्त्री घिसिङले बागमती सभ्यताको महत्त्वपूर्ण नदी भएकाले यसको सफाइमा सरकारले ध्यान दिने र काठमाडौं उपत्यकाका रुद्रमती, विष्णुमती, मनमतीलगायत सबैलाई स्नानयोग्य बनाइने सुनाए । सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले १३ वर्षदेखि स्वयंसेवीरूपमा बागमतीलगायत नदी सफाइ हुनु गौरवको विषय भएको बताए । पशुपति क्षेत्रसम्मको बागमती नदीलाई यसै वर्ष ढलमुक्त गरिसक्ने उनको प्रतिबद्धता थियो ।

कागेश्वरी मनोहरा नगरपालिका प्रमुख उपेन्द्र कार्कीले बागमती नदीमा ढल व्यवस्थापन गर्ने कार्यालयको नाम अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति राखिए पनि अधिकार कटौती गर्दा काम हुन नसकेको बताए । मन्त्री र सचिवमा अधिकार निहित गरेर कार्यालयको नाम अधिकार सम्पन्न राखे पनि काम हुन नसकेको भन्दै उनले समितिको पुनसंरचना गर्नुपर्नेमा जोड दिए ।

गोकर्णेश्वर नगरपालिका प्रमुख दीपक रिसालले नगर क्षेत्रको बागमती सफाइका लागि विभिन्न टोल सुधार समितिलाई जिम्मा दिइएको बताए । कर्मचारी राखेर नै नदी क्षेत्रलाई व्यवस्थित गर्न लागिएको उनले सुनाए ।

बागमती सफाइ महाअभियानका मुख्य अभियानकर्मी एवं पूर्वमुख्यसचिव लीलामणि पौडेलले राष्ट्रिय जागरणका लागि सफाइ अभियान सुरु गरिएको बताए । उनले देशभर जागरण ल्याउन महाअभियान सफल भए पनि तीनै तहका सरकारले आवश्यकताअनुसार ध्यान नदिँदा नदी सफा हुन नसकेको धारणा राखे । देशभरका नदीनाला सफा हुने वातावरण बनाएर अभियानकर्मीलाई अन्य काममा लगाउनुपर्ने पूर्वमुख्यसचिव पौडेलको भनाइ थियो ।

अधिकार सम्पन्न बागमती समितिका आयोजना प्रमुख प्रकाश अर्यालले वैशाखअगावै गोकर्णेश्वरबाट गौरीघाटसम्मको बागमतीलाई ढलमुक्त गरिने प्रतिबद्धता जनाए । उनले २०७२ वैशाख १२ गतेको भूकम्पले भत्किएका नदी किनारका २८ वटा सम्पदा पुनर्निर्माण सम्पन्न गरिएको जानकारी दिए । आयोजना स्थापना भएदेखि हालसम्म २३ अर्ब रूपैयाँ बजेट खर्च भइसकेको अर्यालले जानकारी दिए ।

बागमती सफाइ महाअभियान ६५१औं हप्तामा प्रवेश गरेको अवसरमा शनिबार गुहृयेश्वरीबाट गौरीघाटसम्मको नदी किनारमा सफाइ गरिएको थियो । छठ पर्वमा यस क्षेत्रमा जम्मा भएका बाँकी फोहोर शनिबारको सफाइ कार्यक्रमबाट उठाइएको अभियानकर्मी गोविन्द काफ्लेले जानकारी दिए ।


**आरुघाट गाउँपालिका**
**आरुघाट आधारभूत अस्पताल**
आरुघाट, गोरखा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति : २०८२/०७/१६ गते*

यस कार्यालयको चालु आ.व.२०८२/८३ को तपसिल बमोजिमका कार्यको लागि मिति २०८२/०६/१० गते बोलपत्र आव्हान गरिएकोमा तपसिल अनुसारको फर्मको बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | आशयपत्र दिएको फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.बाहेक) रु | कैफियत |
|---|---|---|---|---|---|
| 1. | ABH/NCB/GOODS/2082/83-1 | Procurement of Medicine for Aarughat Basic Hospital ARM-09, Gorkha | Uniglobe Health Care Pvt.Ltd Tarakeswor -09, Kathmandu | 5968270.00 | |
| 2 . | ABH/NCB/GOODS/2082/ 83-2 | Procurement of Laboratory Essentials and Surgical Items for Aarughat Basic Hospital ARM-09, Gorkha | Aaru Traders Pvt. Ltd Tarakeswor -10, Kathmandu | 1882687.00 | |

**अस्पताल प्रमुख**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ**
**काठमाडौं चक्रपथ सुधार योजना**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

*सूचना प्रकाशन मिति २०८२/०७/१६ गते*

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८२/०५/०९ (25 August 2025) मा आर्थिक राष्ट्रिय दैनिकमा सूचना नं ०१/०८२/८३ मार्फत बोलपत्र आव्हानको प्रकाशित सूचना बमोजिम निर्धारित समय सिमाभित्र E–bid मार्फत् पेश हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावलि २०६४ (संशोधन सहित) को नियम ३१ 'ज' को उपनियम ४ बमोजिम तपसिलका प्राविधिक प्रस्ताव सफल हुने देखिएकोले सफल बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव सोही नियमको उपनियम ५ अनुसार मिति २०८२/०७/२३ (9 Nov 2025) गते दिउँसो १:०० बजे यस योजना कार्यालयमा खोलिने भएकोले सफल बोलपत्रदाताहरूलाई आर्थिक प्रस्ताव खोल्ने मिति र समयमा यस कार्यालयमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं | कार्य विवरण | सफल बोलपत्रदाताहरू |
|---|---|---|
| KRIP/33701120/082/83-01 | Improvement of Balkhu to Chovar Dry Port Road Section (Ch 2+750- 3+545) | **1.** M/S Drama Construction Company Pvt.Ltd., Chapagaon<br>**2.** M/S Cho-Rolpa / Super Like JV, Jorpati, Kathmandu<br>**3.** M/S Prasin-Dibya Darshan-Diamond Sindhu JV, New Baneshwor<br>**4.** M/S Naba Janukadevi Construction and Suppliers Pvt. Ltd,Rasuwa<br>**5.** M/S Shanti Infrastructure Pvt. Ltd., Godawari Lalitpur<br>**6.** M/S RDR-KASARA-BOHORA JV, Tarakeshwor, Kathmandu<br>**7.** M/S Guransh - A.L. is Well JV,Thimi |
| KRIP/33701120/082/83-02 | Roadway Extension and Improvement of Pyangaun-Tahkhel Section of Dholahiti Chapagaun road.(Ch 7+442 to 7+712) | **1.** M/S Kasara Construction, Tokha, Kathmandu<br>**2.** M/S Naba Janukadevi Construction and Suppliers Pvt. Ltd., Rasuwa<br>**3.** M/S NIROJ-KRITI J.V, Chapagaun, Lalitpur |

**योजना प्रमुख**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बञ्चरेडाँडावासीको पीडालाई तत्काल सम्बोधन गर

गत स्थानीय तहको निर्वाचनमा बालेन्द्र (बालेन) साहले काठमाडौं महानगरको प्रमुख पदमा स्वतन्त्र उम्मेदवारी दिंदा मुख्य मुद्दा बनाएका थिए काठमाडौंको फोहोर व्यवस्थापन । फोहोरको दूर्गन्धबाट आजित बनेका काठमाडौंवासीले उनको मुद्दालाई अनुमोदन गरिदिए । ठूला दलका उम्मेदवारहरूलाई पाखा लगाउँदै महानगर प्रमुखमा निर्वाचित भए । निर्वाचित भएलगत्तै उनले फोहोर व्यवस्थापनका लागि पहल नगरेका होइनन् । काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन हुने स्थान बञ्चरेडाँडाका स्थानीयसँग सहमति गरे । तर, सहमति कार्यान्वयनमा भने गम्भीर बनेन् । जसको परिणाम काठमाडौंको फोहोर पुनः रोकिएको छ । जतातत्तै फोहोर थुप्रिन थालेको छ ।

सहमति कार्यान्वयन नभएको भन्दै नुवाकोट र धादिङका स्थानीयले बञ्चरेडाँडा ल्याण्डफिल साइटमा फोहोर फाल्न नदिएपछि पुनः दुर्गन्धित बनेको छ, राजधानी । मंगलबारदेखि बञ्चरेडाँडावासीले काठमाडौंबाट फोहोर लिएर गएका सवारीलाई रोकेका छन् । त्यसो त उनीहरूले अपर्झट फोहोर रोकेका होइनन् । पटक–पटक सहमति कार्यान्वयन गर्न माग अल्टिमेटम दिँदै आएका थिए । तर, महानगर नेतृत्वले बेवास्ता गरिरह्यो । बाध्य भएर उनीहरूले फोहोर फाल्न रोके । हुन पनि बञ्चरेडाँडाका स्थानीयमाथि गम्भीर अन्याय भएको छ । उपत्यकाको फोहोरले उनीहरूको स्वास्थ्य त तहसनहस बनायो नै ल्याण्डफिल साइटले ओगटेको जग्गाको मुआब्जासमेत नपाउनु गम्भीर विषय हो । फोहोरका कारण निस्कने दूर्गन्ध नियन्त्रणमा महानगरले गम्भीर लापारवाही गरेको स्थानीयको आरोप छ । यो उनीहरूको मिथ्या आरोप होइन, वास्तविकता हो ।

बञ्चरेवासी भनिरहेका छन्– उपत्यकामा बस्ने नागरिकको मौलिक हक र बञ्चरेडाँडामा बस्ने नागरिकको मौलिक एकै हुनुपर्‍यो । हो, बञ्चरेडाँडावासी यही देशका नागरिक हुन् । उपत्यकावासीले उत्सर्जन गरेको फोहोर उनीहरूको आदिभूमिमा थुपारेर उनीहरूमाथि भइरहेको अन्याय र आफ्नै नागरिकमाथिको विभेद सरकारले तत्काल अन्त्य गर्नुपर्छ । यसका लागि सहरी विकासमन्त्री कुलमान घिसिङले तत्काल अग्रसरता लिनुपर्छ । महानगरले प्रभावित स्थानीयसँग गरेको सम्झौता अक्षरशः कार्यान्वयनका लागि आवश्यक 'एक्सन' लिनुपर्छ । यसमा प्रधानमन्त्रीको तहबाटै पनि आवश्यक निर्देशन जरुरी देखिन्छ ।

वर्षौंदेखि पीडित बनिरहेका बञ्चरेवासीको पुनर्स्थापना र वैज्ञानिक फोहोर व्यवस्थापन कार्यान्वयनविना यो समस्याको दीर्घकालीन समाधान हुने देखिँदैन । यसरी पटक–पटक बल्झिने यो समस्याबाट सबैपक्षले प्रभावित बनिरहनुपर्ने छ । हरेकपटक सरकारको नेतृत्वमा आएकाहरूले यसलाई योजनामै सीमित गरेको देखिन्छ । महानगर तथा सरोकारवाला मन्त्रालयको नेतृत्व यसमा जिम्मेवार बनोस् । त्यसो त फाहोर व्यवस्थापनमा चरम राजनीतिकरणसमेत हुँदै आएको छ । कहिले संघीय सरकार र काठमाडौं महानगर प्रमुखबीचको टकराव त कहिले काठमाडौं महानगर र नुवाकोट–धादिङका स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका नेताहहरूबीचको जुँगाको लडाइँ देखिँदै आएको छ । फोहोर व्यवस्थापनजस्तो संवेदनशील विषयमा यसरी राजनीतिकरण हुनु खेदजनक छ । यस्ता प्रवृत्तिको तत्काल अन्त्य हुनुपर्दछ । हेल्लो सरकार ! बञ्चरेडाँडावासीको माग तत्काल सम्बोधन गर, फोहोर व्यवस्थापन दीर्घकालीन बनाऊ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# ध्वनि चिकित्सा पद्धतिको प्रभावकारिता



राजाराम पाण्डे

> ध्वनि चिकित्सा भनेको शरीर, मन र आत्मालाई पुनः सामञ्जस्यमा ल्याउने कम्पन आधारित उपचार विधि हो । यो तनमय शरीर र मनमय शरीरको उपचार गर्ने प्रभावकारी उपचार पद्धति हो । मानव शरीर आफैं कम्पनशील ऊर्जा प्रणाली हो । शरीरको प्रत्येक अंग, कोष र नसाहरु एक निश्चित आवृत्तिमा कम्पन गरिरहेका हुन्छन् । जब कुनै कारणले त्यो कम्पन असन्तुलित हुन्छ, त्यहाँ रोगको बीउ रोपिन्छ । ध्वनि चिकित्सामा स्वर-कम्पन, साउण्ड बाउल, सिंगिङ बाउल, गङ, ट्युनिङ फोर्कजस्ता माध्यम प्रयोग गरेर शरीरभित्रको ऊर्जा प्रवाह पुनः सन्तुलित गरिन्छ । यी ध्वनिहरूले शरीरका सात प्रमुख चक्र मूलाधारदेखि सहस्रार चक्रसम्म सीधा प्रभाव पार्छन् ।

ध्वनि भनेको ब्रह्माण्डको मौलिक ऊर्जा हो, जसको प्रभाव हाम्रो शारीरिक, मानसिक, भावनात्मक र आध्यात्मिक पक्षमा प्रत्यक्ष रूपमा देखिन्छ । धार्मिक मन्त्र, भजन, बाजा, ओमकार र प्राकृतिक स्वरहरूमार्फत शरीर र आत्मालाई सन्तुलित राख्ने साधनको रूपमा मानव सभ्यताको आदि कालदेखि नै ध्वनि विविधरूपमा प्रयोग हुँदै आएको छ । यो एक शुद्ध ब्रह्माण्डीय ऊर्जाको वैज्ञानिक, सूक्ष्म र सजीव प्रक्रिया हो । जसले शरीरका ऊर्जा केन्द्र (चक्रहरू) लाई सन्तुलनमा ल्याएर समग्र स्वास्थ्यमा सुधार ल्याउँछ ।

ध्वनि चिकित्सा केवल प्राचीन विषयमात्र होइन, यो विज्ञानसँग प्रत्यक्ष जोडिएको विषय हो । न्युरो-साइन्सका अध्ययनहरूले देखाएका छन् कि ध्वनिका निश्चित आवृत्तिहरूले मस्तिष्कका अल्फा, थिटा र डेल्टा तरंगहरू सक्रिय गर्छन्, जसले गहिरो ध्यान, विश्राम र आत्मउपचारको अवस्था ल्याउँछ । वैद्धिक ध्वनि चिकित्साको सबैभन्दा सुन्दर पक्ष के हो भने यो कुनै बाहय वस्तुमा निर्भर छैन । जब हामी वैद्धिक ध्वनिको माध्यमबाट आफ्नै भित्री तरंगमा फर्किन्छौं, शरीर आफैं उपचार हुन थाल्छ । ध्वनिले बाहिर होइन, भित्र फर्कन सिकाउँछ । यसैले ध्वनि चिकित्सा केवल रोगको उपचार होइन, आत्मबोध र परम आनन्दको यात्रा हो । जब मन शान्त हुन्छ, शरीर आफैं निको हुन्छ । ध्वनि त्यो कुञ्जी हो, जसले शरीर स्वस्थ र मनको परम आनन्दको ढोका खोल्छ ।

आजको मानव ध्वनि प्रदूषण, तनाव, सामाजिक दबाब र मानसिक दबावबीच बाँचिरहेको छ । औषधिले शरीरलाई ठीक बनाउन सक्छ, तर मनको पीडालाई निको पार्न सक्दैन । ध्वनि चिकित्सा मनको तहमा पुग्ने उपचार हो । यसले भावनात्मक घाउहरू, डर, चिन्ता, निराशा, क्रोध र अशान्तिलाई गहिरोसँग पगाल्छ र मनलाई शान्त बनाउँछ । ध्वनि तरंगहरूले मस्तिष्कलाई ध्यान-अवस्थामा पुर्‍याउँछ । शरीर रिल्याक्स हुन्छ र हार्मोन सन्तुलित रहन्छ । लगातार ध्वनि सत्रहरूमा सहभागी हुने व्यक्तिले गहिरो, शान्त र प्राकृतिक निद्रा अनुभव गर्छन् । ध्वनिले मनका नकारात्मक विचारहरू सफा गरी चेतनामा उज्यालो ल्याउँछ । सात चक्रहरूको सन्तुलनले सम्पूर्ण शरीरमा ताजगी र शक्ति ल्याउँछ ।

## ध्वनि चिकित्सा के हो त ?

आजको युग विज्ञान र प्रविधिको चमत्कारिक प्रगतिले भरिएको युग हो । यद्यपि, बाहिरी रूपमा विकासको उचाइमा पुगेको मानव भित्री रूपमा असन्तुलित, तनावग्रस्त र असन्तुष्ट बन्दै गएको छ । अस्पतालहरूमा रोगीहरूको भीड बढ्दै छ, औषधि उद्योग बढ्दै छन् तर मानिसभित्रको शान्ति हराउँदै गएको छ । यही असन्तुलनलाई सन्तुलनमा ल्याउने प्राकृतिक, औषधिविहीन र वैज्ञानिक उपचार पद्धति हो- ध्वनि चिकित्सा । ध्वनि वस्तुको कम्पनबाट कम्पनको परिणामस्वरूप उत्पन्न हुने ऊर्जा हो, जसलाई कानले ग्रहण गर्छ र मस्तिष्कले अनुभवका साथ शरीरका ऊर्जाको केन्द्रहरूमा प्रसारण गरेर आफ्नो केन्द्र ऊर्जावान् र सन्तुलित बनाउँछ । ध्वनिको उत्पत्ति एवं विकास क्रममा ब्रह्माण्डको सबै कुरा ध्वनि कम्पनले गुञ्जिरहेको छ । ध्वनि शक्ति चेतना र ब्रह्माण्डसँगको सम्बन्धको रूपमा रहेको छ ।

ध्वनि चिकित्सा साधारण भाषामा औषधिविना प्रकृतिबाट गरिने प्रभावकारी उपचार पद्धति हो । यसरी ब्रह्माण्डको मौलिक र विशुद्ध कम्पन प्रकृतिले दिएको उपहार ऊर्जालाई ग्रहण गरेर मानव शरीरमा प्रसारण गरेर गरिने उपचार पद्धति ध्वनि चिकित्साअन्तर्गत पर्दछ । यसरी उपचार गर्दा शरीरका विभिन्न केन्द्रहरू पूर्णरूपमा स्वच्छ हुन्छ र मान्छेहरू परम् आनन्द र स्वच्छमय जीवन जिउन पाउन सक्षम हुन्छन् । मानव सभ्यताको आदिकालदेखि नै विविधरूपमा प्रयोग हुँदै आएको ध्वनि चिकित्सा पद्धति र यसको महत्त्व बृहत्तर छ ।

## विश्वमा ध्वनी चिकित्साको प्रयोग कस्तो छ ?

प्राचीनकालदेखि नै विभिन्न देश, जात जाति, धर्म संस्कृति समुदायले शरीर आत्मालाई निको पार्न संगीत र गायन प्रयोग गर्दै आएका छन् । विश्वका विभिन्न भूभागमा उदाएका सभ्यता र संस्कृतिले ध्वनि चिकित्सालाई आ-आफ्नै तरिकाले बुझ्दै र अभ्यास गर्दै आएका छन् । ध्वनि उपचारको प्रमुख उद्देश्य शरीर र मनमा रहेका विकारलाई निकालेर फाल्नु नै हो ।

वेदका ऋचामा औषधीय गुण भएजस्तै अन्य भाषाका शब्द वा साहित्यको उचारण वा पाठ गर्नाले सकारात्मक भाव पैदा हुन्छ । शरीरमा सन्तुलन र मनमा सद्भावको विकास हुन्छ । आयुर्वेदले संगीतको चिकित्सकीय गुणहरूलाई पनि मान्यता दिएको छ । आयुर्वेदमा विशेष राग-तालहरूको मद्दतले विभिन्न रोगहरूबाट छुटकारा पाउन सकिने कुरा उल्लेख छ । भारतवर्षमा पनि योगीहरूले दिमागलाई शान्त पार्न ध्वनिका तरंगलाई सुन्ने गरेको विभिन्न ग्रन्थहरूमा उल्लेख पाइन्छ ।

ध्वनिको माध्यमबाट गरिने उपचारलाई नादयोग भनियो । नादयोगको विकाससँगै ध्वनि चिकित्साको विकास भयो । नादयोग एक प्रकारको गहिरो आध्यात्मिक अभ्यास हो । यसले पूर्वीय दर्शनमा लामो इतिहास बोकेको छ । नादयोगमा ध्वनि कम्पनहरूलाई ध्यान र चेतना विकास गर्न प्रयोग गरिन्छ । यसले आध्यात्मिक जागरण र आत्मानुभूति प्रदान गर्छ । नादयोगले मानव शरीरभित्रका नाडी र चक्रहरूलाई सक्रिय र सन्तुलनमा राख्न मद्दत गर्छ । यसले प्राण अर्थात् जीवन शक्तिको प्रवाहलाई पनि सहज बनाउँछ ।

शिख धर्मका संस्थापक गुरु नानकले आफ्नो शिक्षामा नादयोगको महत्त्वलाई जोड दिएका थिए । ईश्वरीय नामको जपका साथसाथै भजन र कीर्तनको अभ्यासले शिखहरूलाई ध्वनिको माध्यमबाट ईश्वरसँग जोडिन सघायो । संगीतको मन्त्र रोगको उपचारका लागि प्रभावकारी तरिका हुनसक्ने कुरामा पुरातन इजिप्सियनहरूले विश्वास गर्थे । अमेरिकी जनजातिहरूले पनि निश्चित आवाजहरूमा निको पार्ने शक्तिहरू रहेको कुरालाई मान्थे । सबै भूगोलमा ध्वनि उपचारको काम र उद्देश्य एकै भए पनि उपचारका क्रममा प्रयोग गरिने उपकरण र प्रविधिमा भने भिन्नता रहेको पाइन्छ ।

एक्युपंक्चर उपचार विधिसँगै चीनमा परम्परागत ध्वनि चिकित्साको पनि विकास भयो । कतिपय चिकित्सकहरूले एक्युपंक्चरको प्रभावकारिता बढाउनका साथै ऊर्जामा सन्तुलन ल्याउन सांगीतिक धुन र वाद्ययन्त्रहरूको पनि प्रयोग गर्ने गर्दछन् । तिब्बतमा पनि ध्वनि उपचार प्रख्यात छ । त्यहाँ बौद्ध धर्मावलम्बीमा ध्वनिलाई ध्यान र उपचारको उपकरणको रूपमा प्रयोग गरिएको छ । प्राचीन गाउने कचौराहरूमा तिब्बती अक्षर खोपिएको भेटिनुले पनि तिब्बतमा ध्वनि चिकित्सा अभ्यासमा रहेको पुष्टि गर्छ । ती कचौराबाट उत्पन्न हुने कम्पनले शरीर र दिमागमा उपचारात्मक प्रभाव पार्छ । यद्यपि, तिब्बती कचौराको खास उत्पत्ति नेपालको भूमिमा भएको हो ।

फिजी, भानुआटु, सामोआ, टोंगालगायतका प्यासिफिक टापुहरूमा परम्परागत संगीत सुन्ने, पोलिनेसियन ड्रम बजाउने र जप गर्ने अभ्यास रहेको पाइन्छ । त्यहाँका आदिवासी ध्वनिमार्फत आफूलाई वरिपरिको वातावरण र पुर्खाहरूसँग जोड्ने अभ्यास गर्छन् । अस्ट्रेलियाका आदिवासीले ४० हजार वर्ष अघिदेखि नै ध्वनि उपचार अभ्यास गर्दै आएको छन् भनिन्छ । डिजेरिडू नामक वाद्यवादनलाई उनीहरूले विभिन्न सांस्कृतिक अनुष्ठानमा बजाउने गर्दथे । त्यो बाजाको आकार नेपालमा बजाइने कर्नाल बाजाजस्तै एकातिर सुरिलो र अर्को तिर फुकेको हुन्छ । डिजेरिडू बाजाबाट निस्कने ध्वनिमा रोग निको पार्ने शक्तिशाली क्षमता हुन्छ । त्यस बाजाको ध्वनिले शरीरको मात्र नभई भित्री आत्मालाई समेत सफाइ गर्छ भन्ने आदिवासी मान्यता छ ।

इण्डोनेसियाको बालीमा पनि गेमलान अर्केस्ट्राको आवाजलाई ध्वनि उपचारमा प्रयोग गरिन्छ । ती ध्वनिहरूमा औषधीय गुण हुने र तिनले आध्यात्मिक आरोग्यता प्रदान गर्ने आदिवासी मत आज पनि विद्यमान छ । मेक्सिकोमा ध्वनि चिकित्सकले ध्वनिलाई उपचारका रूपमा प्रयोग गर्ने गरेको इतिहास छ । दक्षिण अमेरिकाको एण्डिज क्षेत्रमा क्वेना (बाँसुरी) र चारांगो (सानो गिटार) जस्ता वाद्यवादनको प्रयोग गरी ध्वनि चिकित्साको प्रयोग भएको पाइन्छ । उत्तर अमेरिकी संस्कृतिहरूमा ध्वनि उपचारका लागि ड्रम (ढोल) को प्रयोग गर्ने परम्परा छ । त्यहाँका आदिवासी यस्तो ध्वनिले शरीर, मन र आत्माको शुद्धि हुन्छ भन्ने मान्छन् । उत्तरी अमेरिकाको आर्कटिक क्षेत्रहरूमा इनुइट गाउने परम्परा छ । यी अभ्यासले मानिसभित्र सन्तुलन कायम गर्न सघाउँछ ।

युरोपमा पनि ध्वनि उपचारको इतिहास शताब्दीऔंदेखि अभ्यासमा छ । रोमका पारम्परिक बाथ हाउस (स्नानघर) हरूमा संगीत र ध्वनि सुन्ने चलन नै थियो । मध्यकालीन र पुनर्जागरण अवधिमा क्रिश्चियन चर्चहरूले युरोपमा ध्वनिको प्रयोगलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेले । अफ्रिका महादेशमा पनि ध्वनि उपचारको इतिहास त्यहाँको विविध संस्कृति र परम्पराहरूसँग जोडिएको छ । ड्रम बजाउने काम अफ्रिकाभरि आज पनि ख्यातिमा छ । आध्यात्मिकताका लागि अनुकूल वातावरण सिर्जना गर्ने धार्मिक स्थान निर्माण गर्दा ध्वनिलाई पनि सावधानीपूर्वक समावेश गर्ने चलन आज पनि संसारमा छ । त्यहाँ ड्रम, जप र संगीतले पुर्खासँग कुराकानी गर्न सहयोग गर्ने र तिनीहरूबाट मार्गदर्शन र आशीर्वाद प्राप्त हुने जनविश्वास छ । भाषा नबुझे पनि ध्वनि बुझ्न सहज छ । भाषा र धर्मको सीमाभन्दा ध्वनि धेरै माथि छ । ध्वनि सर्वव्यापी छ । सही तरिकाले ध्वनि ग्रहण गर्न जाने स्वस्थ रहन कुनै समस्या हुँदैन ।

सन् १८३९ मा पुसियाका भौतिकशास्त्री हेनरिक विल्हेम डोभले मानिसको स्नायु प्रणालीमा बाइनोरल बिट्सको प्रभाव पत्ता लगाए । त्यतिबेला ध्वनि चिकित्सामा ठूलो वैज्ञानिक सफलता थियो । त्यस्तै सन् १८९६ मा अमेरिकी चिकित्सकले संगीतले रक्तप्रवाह र विचार प्रक्रियाहरू सुधार गर्न सक्ने कुरा पत्ता लगाए । ब्रिटिस ओस्टियोप्याथ सर पिटर गाय म्यानर्सले १९५० को दशकमा शरीरका कोशिकाहरूलाई निको पार्न सहयोग गर्ने ध्वनि कम्पन मेसिनको विकास गरे । १९औं शताब्दीमा संगीतको चिकित्सकीय प्रयोगहरूमा झनै चासो बढ्न थाल्यो । नर्स फ्लोरेन्स नाइटिंगेल संगीतले बिरामीको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने मान्यता राख्थिन् । सोहीअनुरूप संगीत थेरापी क्षेत्रको उदय भयो ।

२०औं शताब्दीको मध्यतिर मानिसहरूले वैकल्पिक उपचारको खोज गर्न थाले । यस अवधिमा ध्वनिको चिकित्सकीय सम्भावनालाई लिएर नयाँ अध्ययन र अनुसन्धानक थालिए । गाउने कचौरा, गोंग र अन्य उपकरणहरूको प्रयोगलाई लिएर अन्वेषण पनि गरियो । त्यसपछि संगीत थेरापीले व्यावसायिक मान्यता पायो । २०औं शताब्दीको उत्तरार्द्ध र २१औं शताब्दीको प्रारम्भमा ध्वनि चिकित्सा वैकल्पिक उपचार अभ्यासमा झन् लोकप्रिय बन्न थाल्यो । विश्वका सबै धर्म, दर्शन र विज्ञान एक बुँदामा सहमत छन् सृष्टि ध्वनिबाट प्रारम्भ भएको हो ।

## कस्तो हुन्छ यसको उपचार पद्धति ?

ध्वनि उपचारले शरीरको ऊर्जा क्षेत्र र चक्रहरूसँग सीधा सरोकार राख्छ । जब ऊर्जा क्षेत्र र चक्र सन्तुलित हुन्छ मानव शरीर स्वस्थ बन्छ त्यसपछि शरीरले स्वतः आफ्नो प्राकृतिक उपचार क्षमतालाई अभिवृद्धि गराउँछ । जब मानिस तनावमा हुन्छ उसलाई भावनात्मक आघात पुग्छ । शरीरका महत्त्वपूर्ण ऊर्जा क्षीण भएर जान्छ । त्यसले रोगविरुद्ध लड्ने प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउँछ । शरीरले विभिन्न रोगलाई आमन्त्रित गर्छ । शरीर रोगप्रति संवेदनशील बन्न पुग्छ । प्राकृतिकरूपमा आपसेआप निको पार्ने शक्ति मानिसको शरीरमा छ । तर ऊर्जाको अभावमा मानिसले त्यो शक्ति गुमाउँछ । यस्तो बेला ध्वनि उपचार वरदान सावित हुन्छ ।

ध्वनि उपचारले मस्तिष्क र स्नायु प्रणालीलाई प्रभाव पार्न विशेष तरंगको प्रयोग गर्छ । सोही तरंगको फ्रिक्वेन्सीले मस्तिष्क र स्नायु प्रणालीलाई सन्तुलनमा ल्याउँछ । शरीरका ऊर्जा क्षेत्रहरूमा सन्तुलन पुनःस्थापित गर्छ । यसरी शरीर र मनमा रहेका अनेकौं विकारलाई ध्वनि उपचारबाट निराकरण गर्न सकिन्छ । ध्वनि उपचारमा सर्वाधिक प्रयोग हुने विधि भनेको साउण्ड बाथ (ध्वनि स्नान) हो । यो सामान्य प्रकारको ध्वनि थेरापी हो, जसमा चिकित्सकले एक वा बढी ध्वनि कचौरा बजाएर उपचार गर्दछन् । तिब्बती गाउने कचौरा, मन्दिरका घण्टीहरू र सोही प्रकृतिका वाद्ययन्त्रहरूको सहायताले ध्वनि स्नान गरिन्छ । ध्वनि स्नानले क्रोध, रिस, चञ्चलता, ईर्ष्या जस्ता खराबीबाट छुटकारा दिन्छ । मन र शरीरलाई स्थिर र चंगा राख्छ । ध्यानपूर्वक सुन्ने हो भने हरेक ध्वनिको लय, चर्कोपना, आवाज र टोनमा भिन्नता हुन्छ । ध्वनि स्नानले ध्यानको अवस्थामा प्रवेशमात्र गराउँदैन यसले मोक्षको बाटोमा हिँड्न सघाउँछ ।

ध्वनि उपचारको अर्को तरिका भनेको ध्वनि गुञ्जन हो । प्रकृतिले सबै मानिसलाई गुन्गुनाउने क्षमता दिएको छ । गुन्गुनाउनु आफैंमा पनि प्राकृतिक उपचार हो । ध्वनि गुञ्जन नाद चिकित्सा पद्धतिको एउटा हाँगा हो । ध्वनि गुञ्जनमा आँखा र मुख बन्द गरेर सात चक्रका सात वीजमन्त्र गुन्गुनाउनुपर्छ । यसले मानिसमा सकारात्मक तरंग पैदा गर्दछ । ध्वनि गुञ्जनको कम्पनले शरीरमा विभिन्न हर्मोनको उत्पादन गर्न भूमिका पनि खेल्छ । माइग्रेन, टाउको दुखाइजस्ता समस्याको उपचारमा यो पद्धति लाभदायक छ । बिर्सने, डराउने र लाज लाग्नेजस्ता कमजोरी हटाउन पनि यो पद्धतिको उपचार प्रभावकारी मानिन्छ ।

ध्वनि उपचारमा भजन कीर्तनको पनि महत्त्वपूर्ण स्थान छ । विभिन्न अनुष्ठान तथा रामरमीतामा आयोजित लयात्मक ध्वनिले पनि मान्छेको भावनालाई सवाल बनाउने काम गरिरहेको हुन्छ । मनमा एकाग्रता र करुणा विजारोपण गर्न यस्ता ध्वनि शक्तिशाली रूपमा देखा पर्छन् । भाइब्रेसन/कम्पन थेरापी अर्को ध्वनि उपचार विधि हो, जसले शरीरको प्राकृतिक उपचार प्रतिक्रियालाई सक्रिय गराउन मद्दत गर्छ । ध्वनि उपचारको अर्को विधि साउण्ड स्पा हो । यसलाई भाइब्रेसन साउण्ड वा ध्वनि मसाज पनि भनिन्छ । यसमा राम्रो कम्पन निकाल्ने कचौरालाई शरीरका मांसपेशीमाथि राखेर हिर्काउने वा घोट्ने गरिन्छ । यसले बेचैनी, टाउको दुखाइ र शरीरका विभिन्न भागका दुखाइबाट मुक्ति दिन्छ । शरीरमा थरीथरीका पीडा हुन्छन् । पीडामा मस्तिष्कले शरीरका निश्चित हर्मोनको उत्पादनलाई रोक्न संकेत गर्छ । जब राम्रो ध्वनि तरंगले शरीरलाई स्पर्श गर्छ शरीरमा व्याप्त भड्काऊ हार्मोनहरूको प्रभाव स्वतः कम हुँदै जान्छ ।

ध्वनिले चेतन मनको गतिलाई कम गराउँछ । जसकारण मानिस परमानन्दको स्थितिसम्म पुग्न सक्छ । ध्वनिकै बलमा साधकहरूले मोक्ष पनि पाउन सक्छन् । महापरिनिर्माणको अनुभूति गर्न सक्छन् । तनाव, क्रोध, रिस र भय मनबाट हटाउन, माया, मोह, लोभ र कामना बढाउन ध्वनि सबैभन्दा उपयुक्त माध्यम हो । विभिन्न आवाजका कारण शरीरमा एण्डोर्फिन, सेरोटोनिन, डोपामाइन, अक्सिटोसिन र नोरेपाइनफ्रिनजस्ता रसायन उत्पादन हुन्छ । यी रसायनले विभिन्न भाव सञ्चार गर्न मद्दत गर्छन् । रक्तचाप र हृदयको गति पनि सन्तुलनमा ल्याउँछन् । ध्वनिको प्रयोगले आफ्नो भावनामाथि नियन्त्रण लिन सकिन्छ । यसले धैर्य गर्ने क्षमतामा विकास गराउँछ । मान्छेमा आत्मविश्वास बढ्छ ।

ध्वनि चिकित्सा भनेको शरीर, मन र आत्मालाई पुनः सामञ्जस्यमा ल्याउने कम्पन आधारित उपचार विधि हो । यो तनमय शरीर र मनमय शरीरको उपचार गर्ने प्रभावकारी उपचार पद्धति हो । मानव शरीर आफैं कम्पनशील ऊर्जा प्रणाली हो । शरीरको प्रत्येक अंग, कोष र नसाहरू एक निश्चित आवृत्तिमा कम्पन गरिरहेका हुन्छन् । जब कुनै कारणले त्यो कम्पन असन्तुलित हुन्छ, त्यहाँ रोगको बीउ रोपिन्छ । ध्वनि चिकित्सामा स्वर-कम्पन, साउण्ड बाउल, सिंगिङ बाउल, गङ, ट्युनिङ फोर्कजस्ता माध्यम प्रयोग गरेर शरीरभित्रको ऊर्जा प्रवाह पुनः सन्तुलित गरिन्छ । यी ध्वनिहरूले शरीरका सात प्रमुख चक्र मूलाधारदेखि सहस्रार चक्रसम्म सीधा प्रभाव पार्छन् ।

नेपाल ध्वनि र ध्यानको पवित्र भूमि हो । हिमालयको मौनता र प्राचीन परम्पराका सिंगिङ बाउलहरू यहीं जन्मेका हुन् । आज विश्वभर ध्वनि चिकित्साको माग बढ्दो छ, तर यसको स्रोत भूमि नेपाल हो भन्ने कुरा धेरैलाई थाहा छैन । नेपालले विश्वलाई बुद्धको शान्तिको सन्देश दियो, अब ध्वनिद्वारा स्वास्थ्य र चेतनाको सन्देश दिन सक्छ । *रासस*

*(लेखक ध्वनि उपचार विशेषज्ञ हुन्)*



**रामघाटमा भक्तजन** | हरिबोधनी एकादशीका दिन शनिबार पोखराको रामघाटस्थित सेती नदी किनारमा स्नान र तुलसी पूजा गर्न आएका भक्तजनको घुइँचो । *तस्बिरः कृष्ण दवाडी/रासस*

# क्यान्सर अस्पतालमा 'बेड' पाउनै मुस्किल

**राँझा (बाँके)**– बाँकेको खजुरा गाउँपालिका-७ स्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा भौतिक पूर्वाधार अभाव हुँदा सेवा प्रवाहमा समस्या देखिएको छ । किमोथेरापी सेवा लिँदै आएका क्यान्सरका बिरामीले शयचा अभावमा दिनभर पालो कुर्नपर्ने बाध्यता छ । दिनभर कुर्दा पनि किमोथेरापीका लागि शयचा पाउन मुस्किल हुने गरेको बिरामीहरूको गुनासो छ ।

शयचा नपाउँदा किमोथेरापीका लागि दुई दिनसम्म पालो पर्खिनुपर्ने बाध्यता रहेको नेपालगञ्ज-२१ का किमोथेरापी सेवाग्राही बिरामी डिगम्बर रानाले बताए । बुधबार दिनभर पर्खिंदा पनि पालो नपाएपछि बिहीबार अपराह्नमात्र किमोथेरापीका लागि शयचा मिलेको उनको भनाइ छ ।

अस्पतालमा बिरामीको चाप दैनिकरूपमा बढ्दो छ । बिरामीको संख्या बढेपछि अहिले अस्पतालले एउटै शयचामा दुई बिरामी राखेरसमेत किमोथेरापी सेवा प्रवाह गर्दै आएको छ । अस्पतालमा सञ्चालनमा रहेको 'डे केयर वार्ड' मा शयचा अभाव हुँदा सेवा प्रवाहमा समस्या देखिएको अस्पतालको सूचना अधिकारी डा. प्रवीणकुमार गुप्ताले बताए । उनका अनुसार, अस्पतालमा हाल करिब ५५ शयचामात्र सञ्चालनमा छन्, त्यसमध्ये किमोथेरापी सेवा प्रवाहका लागि सञ्चालित डे केयर वार्डमा करिव २० शयचामात्रै रहेका छन् । किमोथेरापी सेवा लिने बिरामीको संख्या भने दैनिक करिब ५० हुने गरेको छ ।



अस्पतालमा १५ शयचाको डे केयर वार्ड भवन निर्माण भए पनि हस्तान्तरण नहुँदा थप समस्या भएको छ । डे केयर वार्ड भवन हस्तान्तरण भए किमोथेरापी सेवा लिने बिरामीलाई सेवा प्रवाह गर्न सहज हुने सूचना अधिकारी डा. गुप्ताको भनाइ छ । उनका अनुसार, केमोथेरापी एक क्यान्सर उपचार हो जसले क्यान्सर कोषहरूलाई त तिनीहरूको वृद्धि रोकेर वा विभाजन गरेर मार्न औषधिहरू प्रयोग गर्दछ । यो सेवा मुखबाट वा नशाबाट विभिन्न तरिकाले प्रदान गर्न सकिन्छ ।

पश्चिम नेपालको एकमात्र सरकारी क्यान्सर अस्पतालमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका बिरामी उपचारका लागि आउने गरेका छन् । गत आर्थिक वर्ष २०८१/८२ मा मात्र यस अस्पतालबाट ३६ हजार ९३२ बिरामीले बहिरंग विभागबाट सेवा लिएका थिए । त्यसमध्ये ७०८ बिरामीलाई शल्यक्रिया सेवा प्रवाह भएको सूचना अधिकारी गुप्ताले जानकारी दिए । *रासस*

# जग्गा रजिस्ट्रेसन नहुँदा प्रादेशिक अस्पतालको विकास रोकियो



■ **प्रभाव संवाददाता**

**सिरहा-** यहाँको लहान नगरपालिका-३ स्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको स्तरोन्नति गरी आधुनिक सेवा विस्तार भए पनि जग्गा रजिस्ट्रेसन नहुँदा भौतिक संरचना निर्माणका काम रोकिएका छन् ।

अस्पतालमा हाल आधुनिक प्रयोगशाला, डायलाइसिस र विभिन्न विभागका चिकित्सकहरूको सक्रियतामा दैनिक ३०० भन्दा बढी बिरामीको जाँच भइरहेको छ । १५ शयचाबाट १०० शयचामा विस्तार भएको अस्पतालमा बिरामीको चाप बढ्दै गए पनि आवश्यक पूर्वाधार निर्माणमा अवरोध भइरहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) रञ्जितकुमार झाले बताए । उनका अनुसार अस्पतालको जग्गा रजिस्ट्रेसनका लागि लाग्ने लाभकर मिनाहाका लागि संघीय सरकारको अर्थ मन्त्रालयमा सिफारिस गरिएको एक वर्ष नाघिसक्दा पनि निर्णय हुन सकेको छैन । 'लाभकर मिनाहाको निर्णय नभएकै कारण रजिस्ट्रेसन गर्न सकिएको छैन,' उनले भने ।

वि.सं. २०३७ मा लहानका दाताद्वय रामकुमार शारडा र उमाप्रसाद मुरारकाका परिवारले अस्पतालका लागि एक बिघा १५ कट्ठा जग्गा दिएका थिए । दाता परिवारको तर्फबाट मुरारीलाल मुरारका जग्गा अस्पतालकै नाममा रजिस्ट्रेसन गर्न तयार भए पनि त्यसका लागि एक करोड ३१ लाख ५५ हजार रूपैयाँ लाभकर लाग्ने भएपछि मिनाहाका लागि पहल भइरहेको अस्पताल विकास समितिका अध्यक्ष रामनारायण मेहताले जानकारी दिए ।

'यो लाभकर मिनाहा हुन सकेमा जग्गा अस्पतालकै नाममा दर्ता भई थप पूर्वाधार विकासको बाटो खुल्ने छ,' अध्यक्ष मेहताले भने, 'हाल कर मिनाहा नभएकै कारण जीर्ण भवन मर्मत, चिकित्सक आवास, नयाँ भवन निर्माण र सिटी स्क्यान सञ्चालनजस्ता योजना अघि बढ्न सकेका छैनन् ।' उनका अनुसार अस्पताल विकास समितिले प्रदेश, संघ र स्थानीय सरकारसँग निरन्तर समन्वय गरी रजिस्ट्रेसन प्रक्रिया छिटो टुंग्याउने गृहकार्य अघि बढाइरहेको छ ।

सिरहा, सप्तरी र उदयपुर जिल्लाका बिरामीका लागि सेवा दिइरहेको यो अस्पताल क्रमशः तीन जिल्लाको स्वास्थ्य सेवाको केन्द्र बन्दै गएको छ । बिरामीको चाप बढ्दै जाँदा अस्पतालको स्तरोन्नति र आवश्यक पूर्वाधार निर्माणका लागि स्थानीयवासीहरूले सक्रियता देखाउन थालेका छन् । स्थानीय सरोकारवाला, जनप्रतिनिधि र नागरिक समाजले अस्पतालको जग्गा रजिस्ट्रेसन तत्काल गर्न माग गर्दै निरन्तर दबाब दिइरहेका छन् ।

यसैबीच, गत मंगलबार युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता गृहजिल्ला आउँदा अस्पताल प्रशासन र यहाँका जेन-जी युवाहरूले संयुक्तरूपमा मन्त्रीलाई अस्पतालको जग्गा राजस्व कर मिनाहा गरी अस्पतालकै नाममा पास गर्न आवश्यक पहल गरिदिन ध्यानाकर्षणपत्र बुझाएका थिए ।

अध्यक्ष मेहताका अनुसार, मन्त्री गुप्ताले यस विषयमा साझा पहल आवश्यक रहेको बताउँदै मन्त्रिपरिषद् बैठकमा कुरा उठाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# मध्यवर्ती क्षेत्रका उपभोक्ताले नदीजन्य पदार्थ प्रयोग गर्न पाउने

■ **राजेन्द्रप्रसाद पनेरू**

**कञ्चनपुर-** शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका उपभोक्ताहरूले घरायसी प्रयोजनका लागि नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) प्रयोग गर्न पाउने भएका छन् ।

सर्वोच्च अदालतको अन्तरिम आदेशपश्चात् उपभोक्ताले नदीजन्य पदार्थ घरायसी प्रयोजनका लागि प्रयोग गर्न पाउने भएका हुन् । चार वर्षअघि नियमविपरीत राजस्व लिएर नदीजन्य पदार्थ उत्खनन भइरहेको भन्दै अदालतमा मुद्दा परेपछि नदीजन्य पदार्थको प्रयोगमा रोक लागेको थियो ।

'उपभोक्ताको अधिकार हनन भएको कुरा सर्वोच्च अदालतसमक्ष राख्यौं,' सुनदेवी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष भरतबहादुर विष्टले भने, 'अदालतले मर्का बुझेपछि उपभोक्ताको हितमा हुनेगरी अन्तरिम आदेश जारी गरेपश्चात् नदीजन्य पदार्थमा लगाइएको रोक हटेको छ ।'

नदीजन्य पदार्थमा रोक लगाइएपछि उपभोक्ताले घर निर्माणलगायतका अन्य भौतिक पूर्वाधार निर्माण गर्दा दुई हजार रूपैयाँ प्रतिट्रली पर्ने ढुंगा, गिट्टी, बालुवाको छ हजारदेखि आठ हजार रूपैयाँसम्म तिर्न बाध्य रहँदै आएको उनले बताए । नदीजन्य पदार्थमा लगाइएको रोक हटेसँगै उपभोक्ताले सहजरूपमा नदीजन्य पदार्थ घरायसी प्रयोजनका लागि प्रयोग गर्न पाउने भएको उनको भनाइ रहेको छ ।

उनका अनुसार निकुञ्जका नौ वटै मध्यवर्ती समितिअन्तर्गतका ४८ सामुदायिक वनका २० हजारभन्दा बढी बासिन्दाले नदीजन्य पदार्थको प्रयोग गर्न पाउने छन् । नदीजन्य पदार्थ उत्खननका लागि निकुञ्जले यसअघि नै वातावरणीय प्रभाव मूल्यांकन (इआइए)को कार्य यसअघि नै गरेकाले त्यसैअनुरूप नदीजन्य पदार्थ उपलब्ध हुने समितिका सचिव दामोदर जोशीले बताए ।

'सो कुरा मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने सामुदायिक वनका पञ्चवर्षीय कार्य योजनामा उल्लेख गरिएको छ,' उनले भने, 'यसका लागि निर्देशिकासमेत निर्माण गरिएको छ ।' उनका अनुसार नदीजन्य पदार्थ मध्यवर्ती क्षेत्रअन्तर्गत रहेका समितिको सिफारिसमा सामुदायिक वनले उपभोक्तालाई उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

मध्यवर्ती क्षेत्रका उपभोक्ताले नदीजन्य पदार्थ आवश्यकताका आधारमा प्रयोग गर्न पाउने भए पनि भण्डारण(थुप्रो) गरेर राख्न नपाउने र अन्यलाई बेच्न भने पाउने छैनन् । निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत चन्द्रशेखर चौधरीले जारी गरेको सूचनामा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको गत असोज ३१ गतेको निर्णयानुसार निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने उपभोक्ताका लागि घरायसी प्रयोजनका लागि नदीजन्य पदार्थ प्रयोग गर्न सम्बन्धित उपभोक्ता समितिअन्तर्गतका उपभोक्ताका माग सम्बोधन गरिएको छ ।

यही कात्तिक १६ गतेदेखि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति नियमावली २०५२ र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको निर्णय तथा अन्य प्रचलित ऐन तथा नियमको परिधिभित्र रही नियमानुसारको राजस्व लिएर सो कार्य गराउन अनुरोध गरिएको छ । मध्यवर्ती क्षेत्रका उपभोक्ताले वर्षौंपछि नदीजन्य पदार्थ प्रयोग गर्न पाउने निर्णय स्वागतयोग्य रहेको शुक्लाफाँटा नगरपालिका-१० का वडाध्यक्ष लालबहादुर ऐरले बताए ।

'नदीजन्य पदार्थ सहजरूपमा उपलब्ध नहुँदा मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने उपभोक्तालाई निकै असहजता थियो,' उनले भने, 'नदीजन्य पदार्थकै अभावमा वडाका धेरै परिवारले घर निर्माण गर्न सकेका छैनन्, केहीका घर निर्माणका कार्य अधुरा रहेका थिए, निकुञ्जले नदीजन्य पदार्थमा लगाएको रोक हटेसँगै स्थानीय बासिन्दालाई निकै सहुलियत हुने भएको छ ।'

मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने शुक्लाफाँटा वडा नं ६ का वडाध्यक्ष दानसिंह ऐरले मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने नदी तथा खोलाबाट नदीजन्य पदार्थ उत्खनन नगरिँदा नजिकका बस्ती निकै जोखिममा रहेको बताए । ' *रासस*

# सरेबुङ पासबाट सम्पर्कविहीन भएका सबै पदयात्री सुरक्षित

**मुस्ताङ (प्रस)**– जिल्लाको लोघेकर दामोदरकुण्ड-४ याराबाट दामोदरकुण्डहुँदै सरेबुङ पास क्षेत्रका लागि निस्किएका १४ जना पर्यटक तथा पदयात्री सम्पर्कमा आएका छन् । हिमपात र वर्षाका कारण मंगलबारदेखि सम्पर्कविहीन रहेका उनीहरू शुक्रबार राति सम्पर्कमा आएका जिल्ला प्रशासन कार्यालय मुस्ताङले जानकारी दिएको छ ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले सरेबुङ पास प्रस्थान गरेका तीन अस्ट्रियन नागरिकसहित १४ जना पदयात्री शुक्रबार राति सम्पर्कमा आएका जनाउँदै सबै सुरक्षित रहेका बताए । दुई साताअघि हिमालयन एडभेञ्चर ट्राभल्समार्फत काठमाडौंबाट सरेबुङहुँदै मनाङको फु गाउँको पदयात्राका लागि निस्किएका थिए । उनीहरू अक्टोबर २६ तारिखमा लोघेकर-४ याराबाट सरेबुङ यात्राका लागि दामोदरकुण्डतर्फ प्रस्थान गरेका थिए ।

त्यसपछि तीन दिनदेखि सम्पर्कविहीन भएका हिमालयन एडभेञ्चरले जनाएको थियो । जिल्ला प्रशासन कार्यालयलाई बिहीबार साँझ उनीहरू सम्पर्कविहीन भएकाबारे जानकारी गराइएको हिमालयन एडभेञ्चरका व्यवस्थापक दीपक मैनालीले बताए । शुक्रबार बिहान पथप्रदर्शकमध्ये एक जनाले टेलिफोन सम्पर्क गरे पनि स्पष्ट कुराकानी हुन नसकेको उनले बताएका थिए ।

समुद्री सतहदेखि छ हजार मिटर उचाइमा पर्ने सरेबुङ पास छिचोल्दै मनाङको फु गाउँ निस्किने योजनासहित लोघेकर दामोदरकुण्ड-४ याराबाट दामोदरकुण्ड प्रस्थान गरेको उक्त टोली मंगलबारदेखि सम्पर्कविहीन भएको थियो । मंगलबारदेखि परेको भारी हिमपात र प्रतिकूल मौसमका पदयात्री सम्पर्कविहीन भएका व्यवस्थापक मैनालीले बताए ।

प्रजिअ भुसालका अनुसार सरेबुङ पदयात्रामा निस्किएका सबै पदयात्री भारी हिमपातका कारण तीन दिनसम्म दामोदरकुण्ड धर्मशालामा सुरक्षित बसेका जानकारी प्राप्त भएको छ । सबै पदयात्री सम्पर्कमा आएसँगै शुक्रबार साँझ दामोदरकुण्डबाट अगाडि बढ्न नसकेपछि पैदल यात्रामार्फत सुरक्षितरूपमा यारा गाउँमा आइपुगेका उनले जानकारी दिए ।

प्रजिअ भुसालले उच्च स्थानमा अवस्थित दामोदरकुण्डमा रहेको धर्मशालामा खाने, बस्नेलगायत अत्यावश्यक सुविधा भएकाले सम्पर्कविहीन पदयात्रीलाई सुरक्षित रहन सहज भएको बताए ।


## साउदीमा रोजगार

कम्पनी : INFRASTRUCTURE HORIZON CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ | LT. No. 332729 | चलानी नं. ६०२४६६५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Cable Jointer | 8 | 0 | 1600 | ६०,६२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Load Unload Worker | 27 | 0 | 1000 | ३७,८९० | | | | | | | |
| 3 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६८,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २३ गते (9th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

श्रम ईजाजत नं. १७२/०५६/५७



## Gramthan Rural Municipality

**Office of Rural Municipal Executive**
**Tetariya, Morang**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**First Date of publication: 2082/06/27**
**Notice Addendum : 2082/07/16**

1. *Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang* invites electronic bids from Nepalese eligible bidders NCB under Single Stage Double Envelope Procedure for the construction of *work as stated in table below*.

| S. N. | Contract ID/IFB No. | Description | Bid Document Fee | Bid Security | Last date and time for Bid Submission |
|---|---|---|---|---|---|
| 1. | G.R/NCB/WORKS/ 03-082-083 | Ring Road Banigama Purba Sadak Kalopatre (Ward no 6 Package) | 5000 | 6,40,000 | 13th Nov 2025 till 11:00AM |

**Note** : Last date and time for Bid Submission was 13th Nov 2025 till 12:00PM which has been changed to 13th Nov 2025 till 11:00A M



**नेपाल सरकार**
**स्वास्थ्य तथा जतनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**बिराटनगर, मोरङ**

**बोलपत्रको कागजात संसोधन गरिएको सूचना**

**सूचना प्रकाशित मिति: २०८२/०७/१६**

यस अस्पतालबाट मिति २०८२ असोज ३० गते प्रकाशित बोलपत्र सूचना नं- KH/NCB/M००/२०८२-८३ को बोलपत्र कागजातमा Single Stage Double Envelope हुनुपर्नेमा अन्यथा हुन गएकोले मिति २०८२ कार्तिक १४ गते बोलपत्र कागजात संसोधन गरीएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारी गराइन्छ ।

**प्रमुख मेडिकल सुपरिटेण्डेण्ट**

## खनाल अभिनित 'बकबास माया' सार्वजनिक

सुनिल खनालको अभिनय रहेको 'बकवास माया' गीत सार्वजनिक भएको छ। युनिक इन्टरटेनमार्फत् सार्वजनिक भएको गीतमा किरण भुजेलको स्वर र संगीत रहेको छ भने सम्राट चौलागाईंको शब्द रहेको छ। दिनेश न्यौपानेले एरेन्ज गरेको गीतमा सुनिलका साथमा मलाईका बस्नेत र अजय चौधरीको पनि अभिनय रहेको छ। दिनसन शाहले सम्पादन गरेको गीतमा विशाल थापाको टिमको सिनेमाटोग्राफी रहेको छ भने भिडियोको निर्देशन पनि किरणकै रहेको छ।



# टिजरमा 'एक्लो'



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैज्ञानिक कल्पनामा आधारित नेपाली चलचित्र 'एक्लो' को टिजर सार्वजनिक गरिएको छ। ओएसआर डिजिटलको आधिकारिक युट्युब च्यानलमार्फत शुक्रबार सार्वजनिक १ मिनेट ५ सेकेन्ड लामो टिजर सार्वजनिक भएको हो।

चलचित्र आगामी अंग्रेजी नयाँ वर्षको अवसर पारेर पुष १७ गते (जनवरी १) मा प्रदर्शन हुनेछ। चलचित्र 'एक्लो' ले यसअघि विश्वविख्यात कान्स फिल्म फेस्टिभलमा स्टलमार्फत आफ्नो अन्तर्राष्ट्रिय उपस्थितिको पहिचान बनाइसकेको छ। कान्सपछि यस फिल्मको चर्चा उल्लेखनीय रूपमा बढेको छ।

चलचित्रका निर्देशक प्रदीप शाही हुन्, जसले यसअघि दुई फिल्म निर्देशन गरिसकेका छन्। बेलायतमा लामो समयदेखि बसोबास गर्दै आएका शाहीले 'एक्लो' लाई हलिउडस्तरको प्रविधि र प्रस्तुतिसहित निर्माण गरिरहेका छन्।

शाहीको निर्देशनमा बनेका यस अघिका दुई चलचित्र 'गोर्खा ब्रिनिथ द ब्रेभरी' र 'अन्तीम संस्कार' एमजोन प्राइममा रिलिज भई सकेका छन्।

चलचित्रमा प्रदीप खड्का, विजय लामा, सुनिल थापा, दिया पुन, बेनिशा हमाल, दिनेश डीसी, कविता नेपाली, सुरजसिंह ठकुरी, एवन राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोद सुवेदी 'क्षितिज', श्रीशेष श्रेष्ठ लगायत बाल कलाकार जेमिन श्रेष्ठ र स्योन सविक सिंह, तथा बेलायती अभिनेता जेमी बेकनको अभिनय रहनेछ।

एनआरएन समुहको लगानी रहेको चलचित्रका कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज' हुन्। चलचित्रमा अभिनेता प्रदीप खड्काले पनि लगानी गरेका छन्। विदेशमा रहेर नेपाली कला र सिनेमा क्षेत्रमा केहि गरौं भन्ने समूहले नेपाली चलचित्रको बजार अन्तर्राष्ट्रिय स्तरमा बिस्तार गर्न समेत विशेष योजना बनाएका छन्।

चलचित्रको छायांकन बाबु श्रेष्ठले गरेका हुन्। द्वन्द्व निर्देशनमा राजु तामाङ, सेट डिजाइनमा राजु पेन्टर, कला निर्देशनमा सन्तोष लामा, र प्रोडक्सन डिजाइनमा द्रोण प्रसाद पौडेल 'ठेउके' संलग्न छन्। 'एक्लो' नेपाली चलचित्र उद्योगमा वैज्ञानिक कल्पनामा आधारित उच्चस्तरीय प्रस्तुति दिनेतर्फको एक गम्भीर प्रयासका रूपमा हेरिएको छ। चलचित्रको वितरण एप्पल इन्टरटेन्टमेन्ट, एफडी कम्पनी र रिच इन्टरटेन्टमेन्टले गर्दै छ।

# 'हर्ष'को नयाँ पोस्टर

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी मंसिर १२ गतेबाट प्रदर्शनमा आउने चलचित्र 'हर्ष'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ। शुक्रबार सार्वजनिक पोस्टरमा चलचित्रका मुख्य तीन पात्र खगेन्द्र लामिछाने, वर्षा राउत र बाल कलाकार साइमन वादीलाई देखिइएको छ। पोस्टरले चलचित्र पूर्ण रूपमा पारिवारिक कथामा निर्माण भएको झल्को दिन्छ। खगेन्द्र र वर्षा छोरासँग खुसी भावमा प्रस्तुत छन्। एकता पौडेलको निर्देशन रहेको चलचित्रमा उनीहरूसहित निर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जन, सिर्जना नापितको अभिनय छ।

पौडेलको यो निर्देशनमा डेब्यु चलचित्र हो। चलचित्रमा आलोक शुक्लाको छयांकन, समीर हिमाल, वसन्त सापकोटा तथा एलिश कार्कीको संगीत, लोकेश बज्राचार्यको सम्पादन तथा सुनिल क्षेत्री र निर्देशक पौडेलको कोरियोग्राफी छ।

अष्टलक्ष्मी प्रोडक्सन्स् र ई-प्राईम मुभिजको ब्यानरमा निर्माण भएको सिनेमाको कथा स्वयं निर्देशक पौडेलको हो। प्रशन्न पौडेल र विकास पौडेल निर्माता तथा हिक्मत चोखाल कार्यकारी निर्माता रहेको चलचित्र काफिया फिल्मस् र डिसिएनले वितरण गर्नेछ।




# अभिनेता धर्मेन्द्र अस्पताल भर्ना

**मुम्बई–** बलिउडका दिग्गज अभिनेता धर्मेन्द्रलाई स्वास्थ्यमा अचानक समस्या आएपछि शुक्रबार मुम्बईको ब्रीच क्यान्डी अस्पतालमा भर्ना गरिएको छ। उनलाई नियमित स्वास्थ्य जाँचका लागि अस्पताल लगिएको भए पनि चिकित्सकहरूको सल्लाहमा केही समय निगरानीमा राखिएको हो।

आगामी डिसेम्बर ८ मा ९० वर्ष पुग्न लागेका धर्मेन्द्रले उमेरका कारण सामान्य कमजोरी र हल्का ज्वरोको गुनासो



गरेका थिए। यद्यपि, उनको परिवारका नजिकका स्रोतहरूले उनको अवस्था हाल स्थिर रहेको र चिन्ता गर्नुपर्ने कुनै अवस्था नरहेको जानकारी दिएका छन्। उनीहरूले प्रशंसकहरूलाई कुनै पनि हल्लामा विश्वास नगर्न अनुरोध गरेका छन्। आफ्नो लामो करियरमा स्वास्थ्यसम्बन्धी चुनौतीहरूको सामना गरे पनि, धर्मेन्द्रलाई बलिउडका सबैभन्दा सक्रिय वरिष्ठ कलाकारहरूमध्ये गनिन्छ। हालै उनको आगामी फिल्म 'इक्कीस' को ट्रेलर पनि सार्वजनिक भएको थियो। धर्मेन्द्रको परिवारले उनी चाँडै स्वस्थ भएर फर्किने विश्वास व्यक्त गरेको छ। उनको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै फ्यानहरूले सामाजिक सञ्जालमा प्रार्थना गरिरहेका छन्। एजेन्सी



आइसिसी विश्वकप लिग-२

# अमेरिकासँग फेरि हार्‍यो नेपाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत युएई भ्रमणमा नेपालले लगातार तेस्रो हार बेहोरेको छ।

शनिबार भएको तेस्रो खेलमा अमेरिकाले नेपाललाई ४ विकेटले पराजित गरेको हो। योसँगै शीर्ष स्थानको अमेरिकाले २३ खेलबाट ३४ अंक पुर्‍याएको छ। १९ खेल खेलेको नेपाल १२ अंकसहित सातौं स्थानमा यथावत छ।

नेपालले दिएको २७२ रनको लक्ष्य पछ्याएको अमेरिकाले अन्तिम ६ बल बाँकी रहँदा ६ विकेट गुमाएर २७३ रन बनायो। अमेरिकालाई जित दिलान शैताजा मुक्कामल्लले सर्वाधिक ७५ रन बनाए। १०१ बल खेलेका उनले २ चौका र १ छक्का प्रहार गरे। उनी र मिलिन्द कुमारले चौथो विकेटका लागि १२३ रनको विशाल साझेदारी गरेका थिए। उक्त साझेदारी नै नेपालको हारको कारण बन्यो।

मिलिन्दले भने ६६ बलमा ७ चौका र १ छक्कासहित ७० रन बनाए। सायन जाँहागिर ३६, शुभम रञ्जने १९ र समीत पटेल १६ रनमा आएट भए। नेपालका सन्दीप लामिछानेले सर्वाधिक ३ विकेट लिए। १० ओभर बलिङ गरेका उनले ५३ रन खर्चिए। उनीबाहेक नन्दन यादव, करण केसी र गुलशनकुमार झाले समान १ विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङ थालेको नेपालले निर्धारित ४९.५ ओभरमा सबै विकेट गुमाउँदै २७१ रन बनाएको थियो। नेपालका दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ७५ रन बनाए। ६७ बल खेलेका उनले २ चौका र ३ छक्का प्रहार गरे।

करण केसीले ३१ बलमा २ चौका र ३ छक्कासहित ४९ रनको इनिङ्स खेले। ओपनर कुशल भुर्तेल ४७, भीम सार्की ४३ र कप्तान रोहितकुमार पौडेल ३६ रनमा आउट भए। अब नेपालले अन्तिम खेल युएईसँग खेल्नेछ। नेपालले यस सिरिजमा हालसम्म खेलेका तीनवटै खेलमा पराजय व्यहोरेको छ।

# काभा यू-१९ महिला भलिबल खेल्न जाने नेपाली टोलीको बिदाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रीलंकामा हुने काभा यू-१९ महिला भलिबल प्रतियोगिता खेल्न जाने नेपाली टोलीको बिदाइ गरिएको छ। नेपाल भलिबल संघले शनिबार एक कार्यक्रम गर्दै टोलीको बिदाइ गरेको हो।

युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले टोलीको बिदाइ गरे। उनले युवा खेलाडीहरूलाई राष्ट्रिय झण्डाको गौरव बढाएर आउन शुभेच्छा स्वरूप राष्ट्रिय झण्डा प्रदान गर्दै शुभकामना व्यक्त गरेका थिए।

कोलोम्बोमा आगामी कात्तिक १८ देखि २३ गतेसम्म हुने प्रतियोगितामा प्रतियोगितामा नेपाल, श्रीलंका, माल्दिभ्स र कीर्गिस्तान सहभागी छन्।

गत वर्ष माल्दिभ्समा भएको काभा यू-२० महिला भलिबल च्याम्पियनसिपमा कीर्गिस्तानले उपाधि जित्दा नेपाल तेस्रो भएको थियो।

नेपालको टोलीमा ६ जना नयाँ



खेलाडीहरू छन्। अघिल्लो वर्ष यू-२० च्याम्पियनसिपमा खेलेका जेनिसा विश्वकर्मा, मिना सुनार, आसिका क्षेत्री, निशा महर, एन्जिला प्रधान र भावना तामाङ यू-१९ टोलीमा पनि परेका छन्।

**नेपालको टोली** : जेनिसा विश्वकर्मा, मिना सुनार, आसिका क्षेत्री, क्रिस्मा डांगी, निशा महर, सम्झना नेपाली, एन्जिला प्रधान, भावना तामाङ, प्रतिभा चौधरी, स्निनता खत्री, रेविका लामा तामाङ र विनिता राना

# कराते खेलाडी एरिका सम्मानित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय कराते खेलाडी एरिका गुरुङ शनिबार सम्मानित भएकी छन्।

क्यानाडामा बासोबास गर्दै आएका मनमैजु डोजोका प्रमुख प्रशिक्षक नीरज महर्जनले एरिकालाई सम्मान गरेका हुन्। मलेसियामा भएको डब्लुकेएफ कराते सिरिज वानमा स्वर्ण पदक जितेकोमा हौसला स्वरूप एरिकालाई नगद ५० हजारसहित



प्रशंसा पत्रबाट सम्मान गरिएको हो। एरिका डब्लुकेएफ सिरिज वानमा पदक जित्ने पहिलो नेपाली खेलाडीसमेत हुन्। मनमैजुमा भएको कार्यक्रममा मनमैजु डोजोका अध्यक्ष तथा संयोजक विकास राजबाहकलगायतको उपस्थिति थियो।

एरिकाले नोभेम्बर अन्तिममा इजिप्टमा हुने विश्व कराते च्याम्पियनसिपमा समेत खेल्दैछिन्। एरिकाले युनिभर्सल कोटामा इजिप्ट यात्रा पक्का गरेकी हुन्। उनीसँगै एकल कातामा सानुमाया थिङ पनि विश्व च्याम्पियनसिपमा सहभागी हुँदैछिन्।


नाइजेरियाको क्वारा राज्यको शाओमा भएको अवोन सामूहिक विवाहमा खाना तयार गर्दै महिलाहरू । सामूहिक विवाह यहाँका समुदायको एक उत्सव हो, जहाँ विवाहयोग्य उमेरका दर्जनौं कन्याहरूको एकैचोटि विवाह गरिन्छ । *तस्बिरः एएफपी*

# एपेक शिखर सम्मेलन सम्पन्न

## ट्रम्प–सी व्यापार सम्झौतापछि क्षेत्रीय सहकार्यमा जोड

**ग्योङ्जु (दक्षिण कोरिया)–** एसिया-प्रशान्त क्षेत्रका २१ राष्ट्रका उच्च नेताहरूले शनिबार आफ्नो वार्षिक एपेक शिखर सम्मेलन सम्पन्न गर्दै क्षेत्रीय आर्थिक सहकार्य र साझा समृद्धिका लागि प्रतिबद्धता जनाएका छन् । यो निर्णय अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच व्यापार युद्ध अन्त्य गर्न सहमति भएको केही दिनपछि आएको हो ।

दुई दिनसम्म दक्षिण कोरियाको ऐतिहासिक सहर ग्योङ्जुमा चलेको एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) सम्मेलनपछि जारी संयुक्त वक्तव्यमा नेताहरूले विश्वव्यापी आर्थिक चुनौतीहरू पार गर्न सहयोग र बहुपक्षीयतामा जोड दिएका छन् । उनीहरूले विश्वको दुई ठूला अर्थतन्त्र (अमेरिका र चीन) बीचको तनावले प्रभावित भएको आर्थिक सन्तुलन पुनःस्थापना गर्न सँगै अघि बढ्ने दृढता व्यक्त गरेका छन् ।

गत बिहीबार ट्रम्प र सीले एपेक शिखर सम्मेलनको साइडलाइनमा भेट गरी अघिल्ला व्यापार अवरोधहरू फिर्ता लिने र तनाव घटाउने सहमति गरेका थिए । बहुपक्षीयतामा सशंकित मानिएका ट्रम्पले उक्त सहमति भएपछि दक्षिण कोरियाबाट शीघ्र प्रस्थान गरे । यसले चिनियाँ राष्ट्रपतिलाई सम्मेलनमा अग्रपंक्तिको भूमिका दिलायो ।

संयुक्त वक्तव्यमा भनिएको छ, 'विश्वव्यापी व्यापार प्रणालीले अहिले गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ । एसिया-प्रशान्त क्षेत्रको विकास र समृद्धिका लागि बलियो व्यापार र लगानी अपरिहार्य छ भन्ने हाम्रो साझा विश्वास पुनः पुष्टि गर्दछौं ।' दक्षिण कोरियाको नेसनल डिप्लोमेटिक एकेडेमीका प्राध्यापक जोङहुन मिनकाअनुसार वक्तव्यले 'स्वतन्त्र र खुला व्यापार' का प्रत्यक्ष शब्दहरू परहेज गरे पनि आर्थिक सहकार्य र बहुपक्षीय मूल्यहरूलाई समेट्न सफल भएको छ । उनका शब्दमा, 'यसलाई पूर्णरूपमा बेवास्ता गर्न सम्भव थिएन ।'

वक्तव्यमा एपेक सदस्य राष्ट्रहरूले सन् २०२० मा स्वीकृत पुत्रजया भिजन २०४० प्रति प्रतिबद्धता पुनः दोहोऱ्याएका छन्, जसले स्वतन्त्र, खुला, निष्पक्ष र पारदर्शी व्यापार वातावरणको लक्ष्य राख्दछ ।




### सीको प्रमुख भूमिका

शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सी चिनफिङले 'विश्वव्यापी स्वतन्त्र व्यापार र आपूर्ति शृंखलाको स्थिरता' लाई समर्थन गर्ने घोषणा गरे । उनले एपेकसँगै आयोजित सिइओ शिखर सम्मेलनमा पठाएको सन्देशमा भने, 'चीनमा लगानी गर्नु भनेको भविष्यमा लगानी गर्नु हो ।'

शुक्रबार सीले जापान, क्यानाडा र थाइल्याण्डका प्रधानमन्त्रीहरूसँग द्विपक्षीय भेट गरे र शनिबार दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङसँग भेट तय भएको थियो । सियोलका अधिकारीहरूका अनुसार उक्त भेटमा कोरियाली प्रायद्वीपको आणविक निःशस्त्रीकरण प्रमुख एजेण्डा थियो ।

तर सो विषयले उत्तर कोरियाको कडा प्रतिक्रिया जन्मायो । उत्तर कोरियाका उपविदेशमन्त्री पाक म्योङ होले दक्षिण कोरियाको 'आणविक निःशस्त्रीकरणको दिवास्वप्न' भनेर व्यंग्य गरे र चेतावनी दिए, 'हामीले देखाउनेछौं यो सपना कहिल्यै साकार हुँदैन ।' राष्ट्रपति लीले भने कोरियाली प्रायद्वीपमा शान्ति र स्थिरता स्थापना एसिया-प्रशान्त क्षेत्रको समृद्धिको पूर्वसर्त रहेको बताउँदै उत्तर कोरियासँग मेलमिलापका लागि थप सक्रिय कदम चाल्ने घोषणा गरे ।

### एआई र जनसांख्यिकीय चुनौतीमा छलफल

शुक्रबारको सत्र व्यापार र लगानीमा केन्द्रित रहे पनि शनिबारको बैठकमा कृत्रिम बौद्धिकता (एआइ), जनसांख्यिकीय चुनौती र सांस्कृतिक उद्योगमा सहकार्यका विषयमा गहन छलफल भयो । नेताहरूले दुई पृथक वक्तव्य जारी गर्दै ती विषयहरूमा साझा दृष्टिकोण प्रस्तुत गरे । पहिलो वक्तव्यले एआईलाई द्रुतरूपमा बढ्दै गएको डिजिटल वातावरणमा 'सम्भावित आर्थिक उत्प्रेरक' का रूपमा व्याख्या गर्दै समन्वित नीतिको आह्वान गऱ्यो । दोस्रो वक्तव्यले घट्दो जन्मदर, वृद्ध जनसंख्या र तीव्र सहरीकरणजस्ता सामाजिक चुनौतीहरू सामना गर्न सहकार्यको आवश्यकता औंल्यायो ।

सन् १९८९ मा स्थापित एपेकले स्वतन्त्र र खुला व्यापारलाई प्रोत्साहन गर्दै क्षेत्रीय आर्थिक एकीकरणको उद्देश्य राखेको छ । यद्यपि हालका वर्षहरूमा अमेरिका-चीन प्रतिस्पर्धा, आपूर्ति शृंखला अवरोध, वृद्ध जनसंख्या र रोजगारीमा एआईको प्रभावजस्ता चुनौतीहरूले यस क्षेत्रलाई गम्भीररूपमा प्रभावित पारिरहेका छन् ।

हाल अमेरिकी नीति चीनसँग सहकार्यभन्दा बढी आर्थिक प्रतिस्पर्धातर्फ मोडिएको छ । राष्ट्रपति ट्रम्पको 'अमेरिका फर्स्ट' एजेण्डा र बढ्दो कर नीतिले विश्वबजारमा अस्थिरता सिर्जना गरेको छ र दशकौंको विश्वव्यापीकरण र बहुपक्षीयताको धारालाई चुनौती दिएको छ । *रासस⁄एपी*

# अन्टार्कटिकाको यात्रामा अन्वेषक

## एक लाख ३० हजार वर्ष पुरानो बरफको खोजीमा जलवायु अध्ययनको नयाँ प्रयास

**केप टाउन–** फ्रान्सका एक अन्वेषक म्याथिउ टोर्डुर र प्रसिद्ध हिमनदी विज्ञ हेइडी सेभेस्ट्रेले अन्टार्कटिकाको गहिराइमा एक लाख ३० हजार वर्ष पुरानो बरफको खोजीका लागि तीन महिनाको कठिन अभियान प्रारम्भ गरेका छन् ।

चंगा स्कीसको सहायतामा पृथ्वीको सबैभन्दा चिसो र कठोर भूभाग पार गर्दै उनीहरूले 'सेतो महाद्वीप' को इतिहास र भविष्य जलवायु परिवर्तनसँग कसरी सम्बन्धित छ भन्ने बुझ्ने लक्ष्य राखेका छन् ।

दक्षिणी गोलार्द्धको गर्मी सिजन सुरु भएसँगै सुरू भएको यो 'अण्डर अन्टार्कटिका' अभियान आगामी नोभेम्बर १० देखि ब्राजिलमा हुने कोप-३० जलवायु सम्मेलनसँग मेल खाने गरी तय गरिएको छ । दुवै वैज्ञानिकको उद्देश्य जलवायु परिवर्तनविरुद्ध विश्वव्यापी कदमलाई सशक्त बनाउन र पग्लँदै गएको बरफको प्रभावबारे ठोस प्रमाण प्रस्तुत गर्नु हो ।



### चरम यात्राको चुनौती

टोर्डुर र सेभेस्ट्रेले पूर्ण अलगावमा रहँदै करिब चार हजार किलोमिटर लामो बाटो पार गर्ने योजना बनाएका छन् । यस अवधिमा तापक्रम माइनस ५० डिग्री सेल्सियससम्म झर्न सक्ने छ । दुवै जना चंगा स्कीसको सहायतामा यात्रा गर्ने छन् । यसमा स्कियरले शरीरमा बाँधिएको हार्नेसमार्फत चंगाको बल प्रयोग गरी अगाडि बढ्छन् ।

'यदि हावाको अवस्था अनुकूल रहयो भने हामी दैनिक १५० देखि २०० किलोमिटर यात्रा गर्न सक्छौं,' टोर्डुरले भने । गत वर्ष उनीहरूले ग्रीनल्याण्डमा चंगा स्कीस प्रयोग गरी एक हजार ५०० किलोमिटर यात्रा गर्दै बरफका नमूना संकलन गरेका थिए । यसपटक ९० दिनभित्र अभियान पूरा गर्ने योजना रहेको छ ।

'हामीले जनवरीको अन्त्यअघि अन्टार्कटिकाबाट बाहिरिनै पर्छ,' ३३ वर्षीय टोर्डुरले भने, 'त्यसपछि कुनै विमान वा रसद सहायता सम्भव हुँदैन ।'

### चरम सीमाको महाद्वीप

टोर्डुरका अनुसार अन्टार्कटिका पृथ्वीको सबैभन्दा चिसो, सुक्खा, हावायुक्त र सबैभन्दा उचाइमा रहेको महाद्वीप हो । उनीहरूले करिब तीन हजार ८०० मिटर उचाइमा यात्रा गर्ने छन् । त्यहाँ कुनै मानव बस्ती वा जनावर भेटिँदैन । 'जब तपाईं महाद्वीपभित्र पस्नुहुन्छ, त्यहाँ केही पनि हुँदैन-मात्र सेतो बरफको अनन्त फैलावट,' उनले भने ।

प्रत्येक अन्वेषकले आफ्नो स्लेजमा खानादेखि उपकरणसम्म सबै वस्तु बोकेका छन् । त्यसमा दुईवटा जमिनमा प्रवेश गर्ने राडारसमेत छन्, जसले बरफको गहिराइ र तह स्क्यान गर्ने छ । खाना योजनासमेत अति सूक्ष्मरूपमा तयार गरिएको छ- उदाहरणका लागि बिहानको भोजनमा ७० ग्राम ओट्स, ३० ग्राम मुसेली र १४ ग्राम किसमिस समावेश हुन्छ ।

### वेस्ट अन्टार्कटिकाको पतन सम्भव छ

हिमनदीविज्ञ सेभेस्ट्रेका अनुसार अभियानको प्रमुख लक्ष्य दुईदेखि तीन किलोमिटर गहिराइमा रहेको अत्यन्त पुरानो बरफ पत्ता लगाउनु हो । 'हामी एक लाख ३० हजार वर्ष पुरानो बरफ खोज्दै छौं- त्यो समय पृथ्वी अहिलेको भन्दा करिब तीन डिग्री बढी तातो थियो,' उनले भने ।

यदि त्यस्तो पुरानो बरफ फेला परेन भने सेभेस्ट्रेका शब्दमा, 'यसको अर्थ हुन्छ, तापक्रम तीन डिग्री बढ्दा अन्टार्कटिकाको केही भाग पतन भइसकेको थियो ।' यस अध्ययनले भविष्यमा समुद्री सतह कति बढ्न सक्छ भन्ने वैज्ञानिक मोडेललाई स्पष्ट पार्ने अपेक्षा गरिएको छ ।

'पश्चिम अन्टार्कटिकामा यति धेरै बरफ छ कि पग्लिएमा विश्व समुद्री सतह चारदेखि छ मिटरसम्म बढ्न सक्छ,' ३७ वर्षीया सेभेस्ट्रेले भने, 'त्यस्तो अवस्था आउँदा विश्वभरका लाखौं मानिस विस्थापित हुने छन् ।'

### जलवायु परिवर्तनबारे चेतना फैलाउने उद्देश्य

युनेस्कोको समर्थनमा सञ्चालित यस अभियानको सन्देश नोभेम्बर २१ भित्र ब्राजिलमा भेला हुने विश्व नेताहरूमा पुगोस् भन्ने दुवैको अपेक्षा छ । 'जलवायु परिवर्तनको सबैभन्दा खराब परिणामबाट बच्न अझै ढिलो भएको छैन,' सेभेस्ट्रेले भने ।

उनका अनुसार समाधान स्पष्ट छ, 'हामीले कार्बन उत्सर्जन घटाउनुपर्छ र जीवाश्म इन्धन प्रयोग कम गर्नुपर्छ । बरफका यी पिण्डहरूलाई जोगाउन यही नै मार्ग हो ।'

यो अभियान केवल एक वैज्ञानिक अनुसन्धानमात्र नभई, विश्वलाई चेतावनी पनि हो- पृथ्वीको इतिहास पढ्न सक्ने बरफ पग्लँदै छ र त्यससँगै मानव भविष्य पनि जोखिममा पर्न सक्छ । *रासस⁄एएफपी*

# चीनको शेन्झाउ-२१ अन्तरिक्ष स्टेसनसँग सफल डक, तोड्यो आफ्नै गति रेकर्ड

**जियुक्वान (चीन)–** चीनले शनिबार उसको शेन्झाउ-२१ यानले सफल प्रक्षेपणपछि आफ्नै राष्ट्रिय रेकर्ड तोड्दै चीनको अन्तरिक्ष स्टेसनसँग अत्यन्त तीव्र गतिमा सफलतापूर्वक डक गरेको घोषणा गरेको छ । यो डकिङ प्रक्रिया चीनको अन्तरिक्ष इतिहासमा नयाँ उपलब्धिका रूपमा दर्ज भएको बताइएको छ ।

चीन म्याण्ड स्पेस एजेन्सीका अनुसार सम्पूर्ण डकिङ प्रक्रिया करिब साढे तीन घण्टामात्र चलेको हो । यो अघिल्ला मिसनहरूभन्दा तीन घण्टा छोटो हो । शेन्झाउ-२१ स्पेसक्राफ्ट उत्तरपश्चिमी चीनको जियुक्वान प्रक्षेपण केन्द्रबाट शुक्रबार राति स्थानीय समयअनुसार ११:४४ बजे योजनाअनुसार प्रक्षेपण गरिएको थियो । सफल डकपछि यानमा रहेका तीनजना अन्तरिक्षयात्रीले अन्तरिक्ष स्टेसनको तियानहे कोर मोड्युलमा प्रवेश गर्ने कार्यक्रम रहेको छ ।

चालक दलमा पाइलट तथा मिसन कमाण्डर झाङ लु रहेका छन् । उनी दुई वर्षअघि शेन्झाउ-१५ मिसनमार्फत पनि अन्तरिक्ष स्टेसन पुगिसकेका अनुभवी अन्तरिक्षयात्री हुन् । अन्य दुई सदस्य पहिलोपटक अन्तरिक्ष यात्रामा सहभागी भएका हुन् । ३२ वर्षीय इन्जिनियर वु फेई देशका सबैभन्दा कान्छा अन्तरिक्षयात्री हुन् भने झाङ होङ्झाङ पेलोड विशेषज्ञ हुन् जसले यसअघि नयाँ ऊर्जा र नयाँ सामग्रीमा अनुसन्धान गरेका थिए ।

झाङ लुले टोलीले तियांगोङ अन्तरिक्ष स्टेसनमा ताई-ची, बगैंचा सिँचाइ र कविताको माध्यमबाट 'अन्तरिक्षलाई युटोपिया' बनाउने लक्ष्य रहेको बताएका छन् । उनीहरू पनि अघिल्ला चालकदलझैँ झण्डै छ महिनासम्म अन्तरिक्षमा बस्ने छन् ।

अन्तरिक्षमा रहँदा चालक दलले जैव-प्रविधि, एयरोस्पेस चिकित्सा, सामग्री विज्ञान र अन्य विषयमा २७ वैज्ञानिक तथा अनुप्रयुक्त परियोजना सञ्चालन गर्ने योजना बनाएको छ । यसपटक पहिलोपटक चीनले आफ्नो अन्तरिक्ष स्टेसनमा मुसा पठाएको छ । दुई नर र दुई पोथी गरी कूल चार मुसालाई वजनहीनता र सीमित वातावरणले तिनीहरूको व्यवहार र अनुकूलन क्षमतामा कस्तो प्रभाव पार्छ भन्ने अध्ययनका लागि पठाइएको हो ।

चाइना एकेडेमी अफ साइन्सका इञ्जिनियर हान पेइका अनुसार यस अध्ययनले अन्तरिक्षमा साना स्तनपायी प्राणीहरूको प्रजनन, अनुगमन तथा आपत्कालीन प्रतिक्रियाको प्रविधि विकासमा मद्दत गर्ने छ । उनले भने, 'मुसाहरूको अन्तरिक्ष वातावरणमा अनुकूली परिवर्तनहरूको प्रारम्भिक मूल्यांकन हाम्रो भविष्यका जैविक अध्ययनका लागि अत्यन्त महत्त्वपूर्ण हुने छ ।'

सिन्ह्वा समाचार एजेन्सीका अनुसार ६० दिनभन्दा बढी गहन प्रशिक्षणपछि ३०० उम्मेदवारमध्येबाट यी 'स्पेस माइस' छनोट गरिएको हो । चाइना नेसनल रेडियोका अनुसार यी मुसाहरू पाँचदेखि सात दिनसम्म अन्तरिक्ष स्टेसनमा रहने छन् र फर्कने क्रममा शेन्झाउ-२० यानमार्फत पृथ्वीमा ल्याइने छ ।

चीनको अन्तरिक्ष कार्यक्रम विगत दुई दशकदेखि देशको राष्ट्रिय गौरव र प्रविधिक उपलब्धिको प्रतीक बनेको छ । चीनले सन् २००३ मा पहिलो मानवयुक्त अन्तरिक्ष उडान सफलतापूर्वक सम्पन्न गर्दै पूर्वसोभियत संघ र संयुक्त राज्य अमेरिकापछि यस्तो उपलब्धि हासिल गर्ने तेस्रो राष्ट्र बनेको थियो ।

चीन म्याण्ड स्पेस एजेन्सीका प्रवक्ता झाङ जिङ्बोले चन्द्रमामा अन्तरिक्षयात्री पठाउने अभियानका लागि अनुसन्धान तथा विकास कार्य नियमितरूपमा अगाडि बढिरहेको जानकारी दिए । उनले भने, 'सन् २०३० सम्ममा चन्द्रमामा चिनियाँ अन्तरिक्षयात्री अवतरण गराउने हाम्रो लक्ष्य दृढ र स्थिर छ ।'

'स्वर्गीय महल' अर्थ लाग्ने तियांगोङ पूर्णरूपमा चीनद्वारा निर्मित अन्तरिक्ष स्टेसन हो । अमेरिकी राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ताका कारण अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) बाट चीनलाई अलग गरिएपछि यो परियोजना चीनकै प्रयासले सम्पन्न गरिएको हो । देशको अन्तरिक्ष कार्यक्रम सत्तारूढ कम्युनिस्ट पार्टीको सैन्य शाखा, पिपुल्स लिबरेसन आर्मी (पिएलए) को निगरानीमा सञ्चालन हुँदै आएको छ ।

त्यसैगरी, पाकिस्तानसँगको सहकार्यमा चीनले हाल दुईजना पाकिस्तानी अन्तरिक्षयात्री चयन गर्ने प्रक्रिया अघि बढाएको छ । तीमध्ये एकजना पेलोड विशेषज्ञका रूपमा छोटो अवधिको मिसनमा पठाइने तयारी भइरहेको छ, जसले चीनको अन्तरिक्ष स्टेसनमा प्रवेश गर्ने पहिलो विदेशी अन्तरिक्षयात्रीको रूपमा नयाँ अध्याय सुरु गर्ने छ । *रासस⁄एपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २३९००० | प्रति तोला – ० | प्रति तोला – ३०६० |



**वर्षाले बिजोग** | निरन्तरको झरीपछि खेतमै पानीमा डुबेको रौतहटको बृन्दावन–१ बलरीका किसानको भित्र्याउन तयार गरिएको धानबाली । *तस्बिर: रमेश तिमलसिना/रासस*

# घनाबस्तीमा निगमको डिपो

## तत्काल स्थानान्तरण गर्न स्थानीयको माग

■ अशोक घिमिरे

**धनगढी–** घनाबस्तीको बीचमा रहेको नेपाल आयल निगमको सुदूरपश्चिम प्रादेशिक डिपो तत्काल स्थानान्तरणको माग गर्दै स्थानीयले दबाबमूलक कार्यक्रम आयोजनाको तयारी गरेका छन् । धनगढी उपमहानगरपालिका-३ चटकपुरस्थित डिपो स्थानान्तरणका लागि दुई वर्षदेखि काम भइरहेको भनिए पनि हालसम्म कुनै परिणाम नदेखिएपछि स्थानीयले आन्दोलनको तयारी थालेका हुन् ।

टोल विकास संस्थाको अगुवाइमा डिपो स्थानान्तरणको प्रक्रिया तत्काल अघि बढाउन उनीहरूले अर्को सातादेखि चरणबद्ध रूपमा दबाब दिने तयारी गरेका छन् । केही दिनअघि उनीहरूले वडाध्यक्षको पहलमा स्थानीयको सरोकार सम्बोधन गर्न डिपो प्रमुखको ध्यानाकर्षणसमेत गराएका थिए । डिपोसँगै जोडिएको शुभकामना टोल विकास संस्थाका अध्यक्ष दीर्घराज ओझा घनाबस्तीबीचमा रहेको डिपोका कारण सुरक्षा संवेदनशीलता बढेको उल्लेख गर्दै तत्काल डिपो सार्न निगम व्यवस्थापन गम्भीर हुनुपर्ने बताउँछन् । शुभकामना टोलमा ८७ वटा घरधुरी छन् । ती घरमा चार सय भन्दा बढी ३५० भन्दाबढी मानिसको बसोबास रहेको छ ।

'दुई वर्षअघि देखि डिपो स्थानान्तरणको प्रक्रिया अघि बढेको भनिएको छ, तर अहिलेसम्म परिणाम आएको छैन', अध्यक्ष ओझाले भने, 'तत्काल डिपो स्थानान्तरण गरेर स्थानीयलाई ढुक्कसँग बसोबास र पेसा व्यवसाय गर्न सक्ने अवस्था बनाउन आन्दोलनका कार्यक्रम अघि बढाउँदै छौं ।'

चटकपुर निवासी धर्मसिंह-माधवी ऐर दम्पत्तिलाई अहिले रातमा राम्रो निद्रा पर्दैन । घरै अगाडि रहेको निगमको डिपोमा जुनसुकै बेला भवितव्य हुनसक्ने र त्यसबाट ठूलो मानवीय र भौतिक क्षति व्यहोर्नुपर्ने चिन्तामै बाँचिरहनुपरेको उनीहरू सुनाउँछन् । डिपोका कारण सधैं त्रसित



अवस्थामा रहनुपरेको गुनासो गर्दै स्थानीय धर्मसिंह डिपो स्थानान्तरणका लागि पटकपटक सरोकारवालालाई आग्रह गरिए पनि कुनै सुनुवाइ नभएको बताउँछन् ।

पेट्रोलियम पदार्थ भण्डारण गरिएका ठूल्ठूला ट्यांक नजिकै भएको र डिपोबाट इन्धन लोडअनलोड भइरहँदा घरमा आगो बाल्न पनि डराउनुपर्ने अवस्था रहेको स्थानीयको गुनासो छ । टोल विकास संस्थाका अध्यक्ष ओझा गतको तिहारमा पटका नपट्काउन अनुरोध गर्दै हिँड्नु परेको सुनाउँछन् ।

केही वर्ष पहिले जंगल रहेको डिपो आसपास अहिले बाक्लो बस्ती छ । धनगढी-अत्तरिया सडक खण्डमा रहेको डिपो अगाडिबाट दैनिक हजारौं सवारीसाधन गुड्छन् । नजिकै धनगढी नेत्रालय, सिपी अस्पतालसहित अन्य स्वास्थ्य संस्था, विद्यालय र व्यापारिक भवन छन् । 'कतिबेला के हुन्छ भन्न सकिन्न । डिपोका कारण सधैंको चिन्ता', टोल विकास संस्थाका अध्यक्ष ओझा भन्छन्, 'स्थानीयले ढुक्कका साथ जीवनयापन गर्न सकेका छैनन्, घरमा आगो बाल्न पनि डराउनुपर्ने अवस्था छ ।'

केही वर्षअघि डिपोको पूर्वतर्फ रहेको एक फर्निचर उद्योगमा आगलागी हुँदा कतिपय स्थानीय घरै छाडेर हिँडेका चटकपुरवासीको सम्झनामा ताजै छ । 'डिपो नजिकको फर्निचरमा आगो लागेपछि यहाँका स्थानीयमा अब भाग्नुपर्छ भन्ने त्रास बढेको थियो', त्यसबेलाको त्रास सम्झँदै उनले भने । डिपोका कारण सुरक्षा चुनौती बढेको जनाउँदै धनगढी उपमहानगरपालिकाले पनि बारम्बार निगमलाई सुरक्षित स्थानमा त्यसलाई स्थानान्तरण गर्न आग्रह गर्दै आएको नगर प्रमुख गोपी हमाल बताउँछन् ।

डिपोकै नजिक कक्षा १० सम्म अध्ययन हुने धनगढी प्रज्ञा सदन सञ्चालनमा छ । उक्त विद्यालयमा ४०० बढी विद्यार्थी अध्यनरत छन् । विद्यालयका प्राचार्य तीर्थराज फुलारा आफूहरू सधैं त्रासमा रहेको र असुरक्षित महसुस गरिरहनुपरेको बताउँछन् । 'डिपो स्थानान्तरणको योजना अघि बढेको सुनिएको छ, यो स्वागतयोग्य छ, जतिसक्दो चाँडो यो कार्यान्वयन हुनुपर्छ', उनले भने ।

**जग्गा पहिचान हुनेबित्तिकै स्थानान्तरण गर्छौं: कार्यकारी निर्देशक**

स्थानीय र सरोकारवालाको दबाबपछि निगमले यसअघि नै धनगढीको डिपो स्थानान्तरण गर्ने योजना बनाएको थियो । नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय आवास कम्पनीले कञ्चनपुरको पुनर्वास नगरपालिका-३ र ५ मा रहेको २२ बिघा जग्गा निगमलाई बिक्री गर्ने प्रस्ताव अघि बढाए पनि जग्गा खरिदमा भने अन्योल देखिएको थियो ।

त्यसपछि निगमले भण्डारण क्षमता अभिवृद्धि परियोजनाका प्रमुख प्रदीपकुमार यादवको संजोजकत्वमा जग्गा पहिचानको काम अघि बढाएको थियो । समितिले कैलालीको अत्तरिया चोकबाट छ किलोमिटर पूर्वतर्फ पूर्वपश्चिम राजमार्गको उत्तरतर्फको करिब २० बिघा जग्गा डिपो स्थानान्तरणका उपयुक्त रहेको भन्दै प्रक्रिया अघि बढाउन सिफारिस गरेको थियो ।

निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्ट जग्गा पहिचानको काम भइरहेको र उपयुक्त जग्गा भेट्टिनेबित्तिकै स्थानान्तरणको प्रक्रिया अघि बढ्ने बताउँछन् । 'उपयुक्त जग्गा नै प्राप्ति हुन सकेको छैन, चार/पाँच स्थानमा जग्गा खोजी भइरहेको छ । पारदर्शी र मितव्ययी ढंगले डिपो स्थानान्तरणको जग्गा खोजी भइरहेको छ', उनले भने ।

धनगढीस्थित डिपोको लोडिङ क्षमता कम हुँदा टयांकरमा तेल भर्न समस्या परिरहेको नेपाल पेट्रोलियम डिलर्स एशोसियसन, सुदूरपश्चिम प्रदेश समितिका वरिष्ठ उपाध्यक्ष जीयालाल आचार्य बताउँछन् । उनले भण्डारण क्षमता बढाउनाका साथै अहिलेको डिपोलाई स्थानान्तरण गरेर सुविधा सम्पन्न बनाउनेतर्फ निगमको ध्यान जानुपर्ने उनको भनाइ छ ।

हाल धनगढीस्थित डिपो थोरै जग्गामा बनेको हुँदा अन्य संरचना निर्माण गर्न सम्भव नरहेको तथा दैनिक कार्य सञ्चालनसमेत विभिन्न कठिनाइ भोग्नुपरेको निगमको सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हरिदत्त जोशी बताउँछन् । अहिले डिपो रहेको जग्गा साँघुरो भएकाले भण्डारण क्षमता वृद्धि गर्न तथा ट्यांकरमा लोडअनलोड गर्न पनि समस्या भइरहेको उनको स्वीकारोक्ति छ । सरकारले हरेक प्रदेशमा कम्तीमा ९० दिनको माग धान्नसक्ने पेट्रोलियम भण्डारण गृह निर्माण गर्ने योजना बनाएको छ । *रासस*

# गैरआवासीय नेपाली लगानीकर्तालाई समेट्न जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेडले लगानीका दायरा विस्तार गर्न सरकारी, राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा गैरसरकारी कोषसँग सार्वजनिक-निजी साझेदारीमार्फत सहकार्य गर्दै ठूला र रोजगार मुलक आयोजनामा लगानी गर्ने निर्णय गरेको छ ।

कम्पनीको शनिबार सम्पन्न पहिलो वार्षिक साधारणसभाले सम्भाव्यता देखिएका जलविद्युत्, पर्यटन, सूचना प्रविधि जस्ता ठूला सहरी परियोजनाका अतिरिक्त कृषि, घरेलु, साना तथा मझौला उद्योगमा लगानी विस्तार गरी ग्रामीण क्षेत्रमा रोजगारी सृजना गर्ने, एनडिपी भेञ्चर तथा एनडिपी डेभलपर नामका छुट्टै संरचना खडा गरी पिइभीसी तथा सहरी पूर्वाधार तथा आवास क्षेत्रमा लगानी गर्ने निर्णय गरेको छ ।

साधारणसभामा कम्पनीको प्रथम वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै कम्पनीका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालले कम्पनीले आफ्नो लगानीलाई व्यवस्थित र सुरक्षित बनाउन विभिन्न प्रणालीहरूको विकास गरी लगानी विविधीकरण र जोखिम व्यवस्थापनका विभिन्न प्रयासहरू गरेको बताए ।

उनले अहिलेको विशिष्ट परिस्थितिमा व्यवसायीहरूको मनोबल खस्किएको र थप लगानीका लागि तयार हुन समय लाग्न सक्ने भएकोले राज्यले व्यवसायी र व्यवसायको सुरक्षाको प्रत्याभूति गरी लगानीको वातावरण बनाउन जरुरी भएको उल्लेख गरे । अध्यक्ष ढकालले शिथिल अर्थतन्त्रलाई लयमा ल्याउन, उत्पादन तथा रोजगारी बढाउन र समग्र उद्यमी व्यवसायीहरूको मनोबल बढाउँदै मुलुकलाई आर्थिक विकास र सम्मृद्धिका यात्रामा अघि बढाउन यस लगानी कम्पनीले विशेष भूमिका खेल्न सक्ने भनाइ राखे ।

'अहिले मुलुकको अर्थतन्त्र विशिष्ट अवस्थाबाट गुज्रिएको छ । बजारमा मागमा भएको कमीले आर्थिक गतिविधिहरू सुस्ताएका छन् । व्यवसायीहरूमा थप र नयाँ लगानी गर्ने आँट र मनोबल खस्किँदो छ । यस्तो बेलामा हामीले यस लगानी कम्पनीमार्फत ठूला र रणनैतिक उद्योग/व्यवसायमा लगानी गर्दै मुलुकको अर्थतन्त्र लयमा ल्याउन, आर्थिक गतिविधिलाई अघि बढाउन, रोजगारी सृजना गर्न सक्छौ,' अध्यक्ष ढकालले भने ।

अध्यक्ष ढकालले यस लगानी कम्पनीमा स्वदेश तथा विदेशमा रहेका नेपालीहरूबाट व्यापक चासो व्यक्त भएको बताए । 'म हालै आईएमएफको एउटा कार्यक्रममा भाग लिन संयुक्त राज्य अमेरिका पुगेको थिए । त्यहाँ मसँगको भेटमा त्यहाँ रहेका नेपालीहरूको नेपालको अहिलेको अवस्था, लगानी



▸▸ शिथिल अर्थतन्त्रलाई लयमा ल्याउन, उत्पादन तथा रोजगारी बढाउन र समग्र उद्यमी व्यवसायीहरूको मनोबल बढाउँदै मुलुकलाई आर्थिक विकास र सम्मृद्धिका यात्रामा अघि बढाउन यस लगानी कम्पनीले विशेष भूमिका खेल्न सक्छ ।

सम्भावना र यस लगानी कम्पनीको बारेमा धेरै चासो राख्नुभएको थियो । यस अघि पनि विभिन्न देशमा पुग्दा धेरै नेपालीहरूले यस कम्पनीका बारेमा चासो राख्नुभएको छ । हामीले लगानीका लागि राम्रा परियोजनाहरू पहिल्याउँदै जानुपर्छ । धेरै स्वदेसी लगानीकर्ता तथा गैर आवासीय नेपालीहरूले यसमा लगानी गर्न तयार हुनुहुन्छ,' उनले भने ।

साथै, उनले यस कम्पनीले स्वदेस तथा विदेशमा रहेका व्यवसायी तथा लगानीकर्ताहरूलाई नेपालमा उद्योग/व्यवसाय स्थापना, सञ्चालन तथा विस्तार गर्नका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउने, रुग्ण तथा समस्याग्रस्त उद्योग व्यवसायहरूको पुनर्उत्थान र प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने परियोजनाहरूलाई आवश्यक परामर्श सेवा उपलब्ध गराइने बताए ।

अध्यक्ष ढकालले कम्पनीमार्फत लगानी गरी मुलुकको आर्थिक सम्मृद्धि र विकासमा साझेदारी गर्न सबै उद्योगी, व्यवसायी तथा गैर आवासीय नेपालीहरूलाई आग्रह समेत गरे । एक वर्ष अघि स्थापना गरिएको यस कम्पनीको कूल पुँजी रु १० अर्ब रहेको छ । हाल यस कम्पनीमा ४६ जिल्लाका २४६ जना शेयरधनी रहेका छन् । यो कम्पनी छरिएर रहेको पुँजी एकत्रित गरी उत्पादन वृद्धि तथा रोजगारी सृजना गर्न मुलुकका ७७ वटै जिल्लामा रहेका सानादेखि ठूला उद्यमी/व्यवसायी तथा गैर आवासीय नेपालीहरूको समेत लगानीमा स्थापना गरिएको हो ।

बागलुङको ढोरपाटनमा सम्पन्न नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको बैठकले देशभर छरिएर रहेका उद्यमी व्यवसायीहरूलाई समेटी राष्ट्रियस्तरको लगानी कम्पनी स्थापना गर्ने र यसको माध्यमबाट देशमा एक सबल, सक्षम र सहभागितामुलक इक्यूटी बजारको विस्तार गर्ने प्रस्ताव अघि सारेको थियो ।

# मुक्तिनाथ विकास बैंकको साधारणसभा सम्पन्न



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंकको साधारण सभा सम्पन्न भएको छ । बैंकको उन्नाईसौं वार्षिक साधारण सभा पोखरामा सम्पन्न भएको छ । उक्त साधारण सभाले आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन पारित गर्दै सेयरधनीहरूलाई १८.२० प्रतिशत लाभांस दिने प्रस्ताव समेत स्वीकृत गरेको छ । उक्त लाभांस मध्ये १३.५३ प्रतिशत बोनस सेयर र बाँकी ४.६७ प्रतिशत लागि नगद लाभांस (बोनस सेयर र नगद लाभांसको कर सहित) रहेको छ ।

बैंकका सञ्चालक समितिका अध्यक्ष खिम प्रकाश मल्लको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विशेष प्रस्तावहरूको रूपमा यस विकास बैंकको चुक्ता पूँजी रु ९,००,०३,८८,७६७.११ (अक्षेरेपी नौ अर्ब तीन लाख अठासी हजार सात सय सत्सठ्ठी रूपैयाँ एघार पैसा मात्र) पुराउने, सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने र पूँजी वृद्धि पश्चात नेपाल राष्ट्र बैंकले तोकेको प्रावधान अनुसार यस विकास बैंकलाई वाणिज्य बैंकमा स्तरोन्नतिको लागि आवश्यक प्रकृया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्तावहरू समेत स्वीकृत गरेको छ ।

सम्पदाको संरक्षण गरौं

- देशका ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मूर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,
- राष्ट्रिय सम्पत्तिहरु मुलुकको पहिचान हुन्, तिनीहरुप्रति गर्व गरौं,
- राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो ।

हाम्रो सम्पदा, हाम्रो पहिचान
सबै मिली गरौं संरक्षण ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ